## मानननीय प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीज्यू

समक्ष

मुख्य न्यायाधिवक्ता

## सुरेन्द्र कुमार महतोले

पेश गरेको

आर्थिक वर्ष २०८१/०८२ को

# वार्षिक प्रतिवेदन



## मुख्य न्यायाधिवक्ताको कार्यालय

मधेश प्रदेश, जनकपुरधाम, धनुषा, नेपाल

# मुख्य न्यायाधिवक्ताको कार्यालयको वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८१।०८२


**सम्पादक तथा प्रकाशक मण्डल :-**

उप न्यायाधिवक्ता : श्री नरेश राय यादव

सहायक न्यायाधिवक्ता : श्री सुदिप कुमार राय

लेखा अधिकृत छैठौं : श्री तुलसी प्रसाद पोखरेल

सहायक पाँचौं : श्री रुबि कुमारी मेहता

सहायक पाँचौं : श्री वर्षा कुमारी पुर्वे

**प्रकाशक** : मुख्य न्यायाधिवक्ताको कार्यालय मधेश प्रदेश, जनकपुरधाम, धनुषा, नेपाल

**टेलिफोन नं.** : ०४१-५९०१२२

**वेभसाइट** : https://oca.madhesh.gov.np/

**इमेल** : info.oca@madhesh.gov.np



**सर्वाधिकार** : मुख्य न्यायाधिवक्ताको कार्यालय, मधेश प्रदेश



**प्रकाशन मिति** : २०८२ असोज

**प्रकाशन प्रति** : ३५० प्रति

**कम्प्युटर अपरेटर** : श्री बिन्दा कुमारी

**डिजाइन/मुद्रण** : रोशन अफसेट प्रेस, बर्दिबास, महोत्तरी, सम्पर्क नं. ९८५४०२१२६६

# पदाधिकारी र स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीहरूको विवरण :-



सुरेन्द्र कुमार महतो
मुख्य न्यायाधिवक्ता



नरेश राय यादव
उप न्यायाधिवक्ता



सुदिप कुमार राय
सहायक न्यायाधिवक्ता



तुलसी प्रसाद पोखरेल
लेखा अधिकृत छैठौं



रूबी कुमारी मेहता
सहायक पाँचौं



वर्षा कुमारी पुर्वे
सहायक पाँचौं



बिन्दा कुमारी
कम्प्यूटर अपरेटर



गोविन्द पंडित
कार्यालय सहयोगी



निर कुमारी आचार्य
कार्यालय सहयोगी



विनय शर्मा
हलुका सवारी चालक



दिपेन्द्र तेथवार
हलुका सवारी चालक



विभा देवी
कुचिकार

# प्रदेश कानुनी सहायता अधिकृत र सम्पर्क कार्यालय काठमाडौंमा रहेका कर्मचारीहरुको विवरण :-



**शर्मिला रेग्मी**
प्रदेश कानुनी सहायता अधिकृत (सप्तरी)
सम्पर्क नं. : ९८५४०२१३१२



**लक्ष्मी ठाकुर**
प्रदेश कानुनी सहायता अधिकृत (सिराहा)
सम्पर्क नं. : ९८५४०२१३१३



**गौरीशंकर महतो**
प्रदेश कानुनी सहायता अधिकृत (धनुषा)
सम्पर्क नं. : ९८५४०२१३१४



**मनोज कुमार साह**
प्रदेश कानुनी सहायता अधिकृत (महोत्तरी)
सम्पर्क नं. : ९८५४०२१३१५



**आशा कुमारी शाह**
प्रदेश कानुनी सहायता अधिकृत (सर्लाही)
सम्पर्क नं. : ९८५४०२१३१६



**उपेन्द्र साह**
प्रदेश कानुनी सहायता अधिकृत (रौतहट)
सम्पर्क नं. : ९८५४०२१३१७



**पूजा कुमारी सिंह**
प्रदेश कानुनी सहायता अधिकृत (बारा)
सम्पर्क नं. : ९८५४०२१३१८



**दिव्या सिंह**
प्रदेश कानुनी सहायता अधिकृत (पर्सा)
सम्पर्क नं. : ९८५४०२१३२०



**दिनेश रोक्का**
कानुन व्यवसायी (सम्पर्क का. काठमाडौं)
सम्पर्क नं. : ९८१३६९५६७८



**काजल चौधरी**
कानुन व्यवसायी (सम्पर्क का. काठमाडौं)
सम्पर्क नं. : ९८०४८५४६५४



**चन्द्रदिप गोइत यादव**
कम्प्यूटर अपरेटर



**सबि हाडा**
कार्यालय सहयोगी

# मुख्य न्यायाधिवक्ताको कार्यालय

मधेश प्रदेश, जनकपुरधाम, धनुषा, नेपाल

सम्पर्क नं. : ०४१-५९०१२२, ०४१-५९०१३२

प.सं. : ०८२|०८३

च.नं. :

मिति:

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
मधेश प्रदेश, जनकपुरधाम।

विषय: आ.व. २०८१।०८२ को वार्षिक प्रतिवेदन पेश गरिएको।

नेपालको संविधानको धारा १६० मा प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने र निजको नियुक्ति मुख्यमन्त्रीको सिफारिसमा सम्बन्धित प्रदेश प्रमुखबाट हुने व्यवस्था छ। मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य काननूी सल्लाहकार हुने र संवैधानिक एवं कानुनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुने व्यवस्था रहेको छ।

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त प्रदेश कानुन बमोजिम हुने संवैधानिक व्यवस्था अनुसार प्रदेश सभाबाट मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ पारित भई लागु भइसकेको छ। सोही ऐनको दफा १३ मा आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था भए बमोजिम तोकिएको समयभित्रै मुख्य न्यायाधिवक्ताको कार्यालयको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन पेश गरेको छु। प्रस्तुत प्रतिवेदनमा आर्थिक वर्ष २०८१।०८२ मा मुख्य न्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरुबाट सम्पादित काम कारवाहीको विवरण, त्यसको प्रभावकारिता, हासिल गरेका सफलताहरु र कार्यसम्पादनमा देखिएका समस्याहरु एवं गर्नुपर्ने सुधारका लागि सुझावहरु समावेश गरिएको छ।

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध, सह-अस्तित्व, सहकार्य र समन्वयको सिद्धान्तमा आधारित संघीय शासन व्यवस्था आत्मसात गरेको छ। संविधानले राज्यशक्तिको बाँडफाँड र राज्यशक्तिको प्रयोग गर्नका लागि निर्दिष्ट गरेका व्यवस्थाहरुको व्यवहारीक कार्यान्वयन गरी नागरिकहरुको जनविश्वास कायम गर्दै मुलुकको आर्थिक, सामाजिक, मानवीय समृद्धि हासिल गर्नु आजको टड्कारो आवश्यकता रहेको छ। यसका लागि संविधान, कानुन, विधिको शासन, मानव अधिकार र वैयत्तिक स्वतन्त्रताको सम्मान, संरक्षण र प्रवर्द्धन, स्थापित न्यायिक मुल्य र मान्यताका आधारमा संघीयता र

संविधानको प्रभावकारी र जनमैत्री कार्यान्वयनमा मुख्य न्यायाधिवक्ताको कार्यालय एक महत्वपुर्ण अंगको रुपमा रहेको छ। मुख्य न्यायाधिवक्ता संविधान र कानुन बमोजिम प्रदेश सरकारको मुख्य कानुनी सल्लाहकार हुने र प्रदेश तथा प्रदेश अन्तर्गतका निकायलाई संवैधानिक तथा कानुनी विषयमा राय सल्लाह प्रदान गर्ने, मधेश प्रदेश सरकार मातहतका निकायहरु पक्ष भएको र प्रदेश सरकारलाई विपक्षी बनाई दायर भएको मुद्दामा बहस, पैरवी र प्रतिरक्षा गर्ने कार्य हुँदै आएको छ। त्यस्तै यस कार्यालयले प्रदेशमा बनेका ऐन, नियम, कार्यविधिहरुको निर्माणमा आवश्यक्ता अनुसार संलग्न भई रचनात्मक सहयोग प्रदान गर्नुका साथै समयानुकुल कानुनको संशोधन एवं परिमार्जन गर्न आवश्यक सल्लाह समेत दिने गरेको छ।

गरिब, असहाय, अशक्त जनतालाई सहज र सुलभ रुपमा न्यायमा पहुँच बनाउने उद्देश्यले यस प्रदेशका आठवटै जिल्लामा प्रदेश कानुनी सहायता अधिकृतहरुको नियुक्ति गरी निःशुल्क रुपमा कानुनी सहायता प्रदान गर्दै आएको छ। त्यस्तै नागरिक्ता विहिन नागरिकलाई नागरिकता दिलाउने कार्यमा समेत आवश्यक कानुनी सहायता प्रदान गर्दै आएको छ। मुख्यन्यायाधिवक्ताको कार्यालयले विभिन्न सरकारी र गैरसरकारी निकायहरुसँग सहकार्य र समन्वय गरी आफ्नो कार्य सम्पादन गर्दै आएको छ।
यस कार्यालयले आफ्नो कार्य सम्पादनमा नेपाल सरकार, प्रदेश सरकार, महान्यायाधिवक्ताको कार्यालय, अदालत, न्यायाधीश, सरकारी वकील, कर्मचारी, कानुन व्यवसायी, पत्रकार, नागरिक समाज लगायतका सरोकारवालाबाट प्राप्त सहयोगप्रति हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि यस्तै सहयोग र सुझावको अपेक्षा गरेको छु।

अन्त्यमा, संविधानले आत्मसात गरेको संघीय लोकतान्त्रिक गणतन्त्रलाई आत्मसाथ गर्दै, स्वतन्त्र न्यायपालिका, कानुनी राज्यका मुल्य मान्यता र अवधारणाको अवलम्बन, व्यवसायिकता, विधिको शासन, कानुन तथा न्यायका मान्य सिद्धान्त र मानव अधिकारप्रति उच्च सम्मान राख्दै आगामी दिनमा पनि आम नागरिकको न्यायमा सहज पहुँचको लागि क्रियाशिल हुँदै यस कार्यालयका काम कारवाहीलाई अझ बढी वस्तुनिष्ठ, प्रभावकारी र नतिजामुखी बनाउनका लागि सदैव सक्रिय रहने प्रतिवद्धता व्यक्त गर्दछु।

२०८२ असोज

सुरेन्द्र कुमार महतो
मुख्य न्यायाधिवक्ता
मुख्य न्यायाधिवक्ताको कार्यालय
मधेश प्रदेश, जनकपुरधाम, धनुषा, नेपाल।

# मन्तव्य



**सुरेन्द्र कुमार महतो**
**मुख्य न्यायाधिवक्ता**

आर्थिक वर्ष २०८१।८२ समाप्त भए पछि २०८२ सालको भाद्र महिनामा नेपाल सरकारले सामाजिक सञ्जालहरु बन्द गर्ने निर्णय समेतको विरोधमा नेपालमा Gen-Z समूहबाट २०८२ साल भाद्र २३ गते काठमाडौमा विरोध प्रदर्शन भइरहेका समयमा एक्कासी सुरक्षा निकायबाट अत्याधिक बल प्रयोग तथा गोली समेत प्रहार भई सोही दिन १९ जनाको मृत्यू हुनुका साथै सयौं घाइते भए। सो घटना मुलुक लगायत संसार भरीका सञ्चार माध्यमबाट प्रमुखताको साथ प्रसारण भयो। सबै स्तब्ध भए। आन्दोलनकारीहरुले भ्रष्टाचारको अन्त्य हुनु पर्ने सवाल समेत उठाएका थिए। त्यसको भोली पल्ट २०८२ साल भाद्र २४ गते आन्दोलनले चर्को रुप लियो। देशभरी आगजानी भयो। यस क्रममा राज्यको तीन वटै अङ्ग काठमाडौं स्थित नयाँ वानेश्वर स्थित संघीय संसद, सिंह दरबारमा रहेको संघीय कार्यपालिका, रामशाह पथ स्थित सर्वोच्च अदालत, महाराजगंज स्थित राष्ट्रपति कार्यालय, बालुवाटार स्थित प्रधानमन्त्री निवास लगायत देशभरीका प्रहरी कार्यालयहरु, अदालत, निजि क्षेत्रका व्यापारिक प्रतिष्ठान, पुर्व प्रधानमन्त्री निवास, नेताहरुको आवास लगायतमा आगजानी भई ठुलो धनजनको क्षति भयो।

सोही दिन भाद्र २४ गते प्रधानमन्त्री खड्ग प्रसाद ओलीले पदबाट दिएको राजिनामा राष्ट्रपति रामचन्द्र पौडेलबाट स्वीकृत भए पछि आन्दोलन शान्त भयो। Gen-Z समूहसँगको वार्ता पश्चात राजिनामा दिएका प्रधानमन्त्रीको सिफारिस र प्रमुख राजनीतिक दलका नेताहरुको सहमतिमा नेपालको संविधानको पालन संरक्षण गर्न भन्दै नेपालको संविधानको धारा ६१ को उपधारा (४) बमोजिम नेपालको पूर्व प्रधान न्यायाधीश सुशीला कार्कीलाई राष्ट्रपति रामचन्द्र पौडेलले २०८२ साल भाद्र २८ गते नेपालको प्रथम महिला प्रधानमन्त्रीको पदमा नियुक्त गर्नु भयो। सोही मितिमा प्रधानमन्त्री सुशिला कार्यकीको सिफारिसमा २०८२ फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन गराउने गरी प्रतिनिधिसभा विघटन गर्नु भयो।

Gen-Z आन्दोलन नेपालको इतिहासमा एउटा महत्वपुर्ण ऐतिहासिक कोशेढुङ्गा बन्न पुग्यो। नेपालमा आन्दोलन क्रममा एकै दिन यति ठुलो मानिसको मृत्यु तथा आगजनी, तोडफोड, क्षति यस अघि कहिले भएको थिएन। ज्यान गुमाउने सम्पूर्ण शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र शहिद परिवारमा भावपूर्ण समवेदना व्यक्त गर्दछु। यस घटनाले मुलुकलाई महत्वपूर्ण पाठ सिकाएको छ। मुलुकले भविष्यमा संसदमा भएको अंक बहुसंख्यक गणितको दम्भमा जनतासँगको सम्बन्ध टुटाउन नहुने संदेश लिनु पर्दछ। सरकारले निरन्तर जनताले उठाएका सवालहरुलाई हृदयगम गरि समयमै सम्बोधन गर्दै जानु अपरिहार्य छ। पुराना पुस्ता र नयाँ पुस्ता बिचमा कुनै किसिमको खाडल दुरी रहन दिनु हुदैन। राजनैतिक दलका नेताहरुले दललाई गिरोहका रुपमा संचालन गर्नु भन्दा पनि दलमा आबद्ध नभएका जनताहरुलाई समेत समेटेर अगाडी बढ्नु नितान्त आवश्यक हुने देखिन्छ। सरकारले आगामी दिनमा नागरिकहरुलाई सार्वजनिक सेवा प्रवाह गर्दा प्रभावकारी तथा प्रविधिको उच्चतम प्रयोग गरि छिटो छरितो रुपमा सेवा प्रवाह गर्नुपर्ने र भष्ट्राचारजन्य गतिविधिमा शुन्य सहनसिलता अपनाएर आवश्यक छानबिन गरि कारबाही प्रकृयालाई परिणाममुखी बनाइनुपर्ने र सुशासन युक्त काम कारबाही अगाडी बढाउनु पर्ने संदेश समेत दिएको छ। जनताहरुले आफ्नो प्रतिनिधि चयन गर्दा समेत आर्थिक लगायतको अन्य व्यक्तिगत लाभको आधारमा नभई

विवेक प्रयोग गरि स्वच्छ र विकास प्रेमि नेतृत्व चयन गर्नुपर्ने सन्देश यसले दिएको छ।

नवगठित अन्तरिम सरकारको देशलाई नयाँ दिशा दिनु अपरिहार्य छ । यस समयमा सरकारको मुख्य जिम्मेवारी शान्ति र सुव्यवस्था कायम गरी देशलाई निर्वाचनको बाटोमा लैजानु हो। यसका लागि अन्तरिम सरकारले निष्पक्ष निर्वाचनको वातावरण बनाउनुपर्छ। निर्वाचन सुरक्षाको भरपर्दो व्यवस्था गर्नुपर्छ। साथै, अन्तरिम सरकारले राजनीतिक दलहरूबीच सहकार्य र विश्वासको वातावरण सिर्जना गर्न समन्वयकारी भूमिका खेल्नुपर्छ ताकि निर्वाचनमा सबै पक्षको सहभागिता सुनिश्चित होस्। यसका लागि विगतमा भएका गल्तीहरूबाट पाठ सिक्दै, आम जनताको भावना र मागलाई सम्बोधन गर्नुपर्ने हुन्छ।

यसैगरी, जनताले पनि आफ्नो मतदान अधिकारको महत्त्व बुझी विवेकपूर्ण निर्णय गर्नुपर्छ। कसैको लोभलालच, नाता रिस्ता वा दबाबमा नपरी, सही उम्मेदवार छनोट गर्नुपर्छ। जनताले दलका विगतका काम र भविष्यका योजनालाई गहिरो अध्ययन गरी सक्षम र इमानदार नेतृत्वलाई मात्रै मतदान गर्नुपर्छ। यसरी, दल र जनता दुवै जिम्मेवार र सजग भएमा मात्रै देशमा एउटा स्थिर र जनउत्तरदायी सरकार गठन हुन सक्छ।

Gen-Z आन्दोलनको क्रममा भएको ठूलो धनजनको क्षतिलाई मध्यनजर गर्दै, नयाँ सरकारले पुनर्निर्माण र समृद्धिको कार्यलाई उच्च प्राथमिकतामा राख्नु अपरिहार्य छ। यस ऐतिहासिक आन्दोलनका कारण क्षतिग्रस्त भएका राष्ट्रिय सम्पत्ति, निजी प्रतिष्ठान तथा सार्वजनिक संरचनाहरूको पुनःनिर्माण थाल्नुपर्छ।

अन्त्यमा २०७२ साल असोज ३ गते जारी भएको संविधान दोषमुक्त र सर्वस्वीकार्य नरहेको र यसमा समय सापेक्ष संशोधन हुनु पर्ने सवालमा आमसहमति भएको परिपेक्षमा यो संविधान आफैमा आन्दोलनको विच असहजतामा जारी भएको सन्दर्भमा हाल संविधानको आधारभुत स्तम्भ समावेशिता, लोकतन्त्र, स्वतन्त्र न्यायपालिका, संघीयता, गणतन्त्रको रक्षा गर्दै ताजा जनादेशबाट गठन हुने प्रतिनिधि सभाले संविधान संशोधनको कार्य सम्पन्न भएमा मुलुकमा अमन चैन शान्ति व्यवस्था बहाल हुनेमा विश्वास गर्न सकिन्छ।

# विषयसूची


| विषय | | पृष्ठ |
|---|---|---|
| **परिच्छेद एक : परिचय** | | |
| १.१ | मुख्य न्यायाधिवक्ताको कार्यालयको परिचय | १ |
| १.२ | ऐतिहासिक पृष्ठभूमी | १ |
| १.३ | मुख्य न्यायाधिवक्ताको जिम्मेवारी | १ |
| १.४ | मुख्य न्यायधिवक्ताको काम, कर्तव्य र अधिकार | २ |
| १.५ | न्यायाधिवक्तालाई अधिकार प्रत्यायोजन | ४ |
| १.६ | वार्षिक प्रतिवेदन पेश सम्बन्धि व्यवस्था | ४ |
| १.७ | सङ्गठनात्मक स्वरुप र संरचना | ४ |
| १.७.१ | कानूनी राय तथा प्रतिरक्षा शाखा | ५ |
| १.७.२ | प्रशासन शाखा | ५ |
| १.७.३ | आर्थिक प्रशासन शाखा | ६ |
| १.७.४ | पुस्तकालय | ६ |
| १.७.५ | मुख्य न्यायाधिवक्ताको सचिवालय | ६ |
| १.८ | मुख्य न्यायाधिवक्ताको कार्यालयमा रहेको दरबन्दी विवरण | ७ |
| १.८.१ | स्वीकृत संगठन संरचना बमोजिम हालसम्मको दरबन्दी र पदपूर्ति सम्बन्धी विवरण | ७ |
| १.८.२ | मुख्य न्यायाधिवक्ताको कार्यालयमा हाल कार्यरत पदाधिकारी एवं कर्मचारीको नामावली | ८ |
| १.८.३ | स्थापनाकालदेखि हालसम्मका मुख्य न्यायाधिवक्ताहरुको नामावली | १० |
| १.८.४ | स्थापनाकालदेखि हालसम्मका कार्यालय प्रमुखहरुको नामावली | १० |
| १.९ | कार्यालयको भवन तथा भौतिक स्रोत साधनको अवस्था | ११ |
| १.१० | मुख्य न्यायाधिवक्ताको कार्यालयको बजेट सम्बन्धी विवरण | ११ |
| **परिच्छेद दुई : सम्पादित कार्यहरू** | | |
| २.१ | मुद्दाको प्रतिरक्षा सम्बन्धी विवरण | १३ |
| २.२ | न्यायिक प्रतिरक्षामा मुख्य न्यायाधिवक्ताको कार्यालयको भूमिका र भावी कार्यदिशा | १६ |
| २.३ | संवैधानिक तथा कानूनी विषयमा रायपरामर्श प्रदान | १७ |

२.४ प्रदेश कानूनी सहायता अधिकृतको कार्यालयबाट भएका निःशुल्क कानूनी सहायता सम्बन्धी विवरण १८

**परिच्चेद तीनः संस्थागत सुदृढीकरणका लागि भएका कार्यहरु**

३.१ कानूनी राय तथा लिखित जवाफ लेखन सम्बन्धी तालिम २०
३.२ प्रदेश कानूनी सहायता अधिकृतहरुको कार्य प्रगति समिक्षा गोष्ठी २६
३.३ आर्थिक वर्ष २०८१|०८२ को बजेट तथा कार्यक्रम समिक्षा २७
३.४ उच्च अदालतको असाधारण क्षेत्राधिकारको प्रयोग र उच्च अदालतबाट भएका आदेश/फैसलाहरुको कार्यान्वयन विषयक छलफल तथा अन्तरक्रिया कार्यक्रम २९
३.५ प्रदेश कानूनी सहायता अधिकृतहरुको कार्य प्रगति समिक्षा गोष्ठी ३९
३.६ समुदायमा मुख्य न्यायाधिवक्ता संवाद कार्यक्रम (मधेश प्रदेशका आठवटै जिल्लामा सञ्चलित) ४२
३.७ मधेश प्रदेशका कारागार तथा हिरासत निरीक्षण ४३
३.८ सूचना प्रविधि सम्बन्धी कार्यहरु ४३

**परिच्छेद चार : निष्कर्ष तथा सुझाव**

४.१ निष्कर्ष ४५
४.२ समस्याहरु ४६
४.३ सुझावहरु ४७

**अनुसूचीहरु**

अनुसूची-१ मुख्य न्यायाधिवक्ताको कार्यालयमबाट आ.व. २०८१|०८२ मा प्रतिरक्षा गरिएका मुद्दाहरु ४८
अनुसूची-२ मधेश प्रदेश सररकार वादी भई दायर गरिएका मुद्दाहरु ६३
अनुसूची-३ मुख्य न्यायाधिवक्ताको कार्यालयबाट आ.व. ०८१|०८२ मा फैसला भएका मुद्दाहरु ६४
अनुसूची-४ प्रदेश कानूनी सहायता अधिकृतको कार्यालयबाट आ.व. २०८१।०८२ मा प्रदान गरिएका निःशुल्क कानूनी सहायता सम्बन्धी मासिक विवरण ७४

## परिच्छेद : एक

# परिचय

### १.१ मुख्य न्यायाधिवक्ताको कार्यालयको परिचय

संविधानको प्रस्तावना अनुसार संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति,सुशासन,विकास र समृद्धिको आकांक्षा पुरा गर्ने अभिप्रायले संविधान सभाबाट पारित नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यस्था अनुरुप नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी ३(तीन) तहको रहेको छ। नेपालको संविधानको धारा १६० मा महान्यायाधिवक्ताको मातहत रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने व्यवस्था छ।मुख्य न्यायाधिवक्ताको नियुक्ती सम्बन्धित मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुनेछ।मुख्यमन्त्रीले चाहेको अवधिसम्म मुख्य न्यायाधिवक्ता आफ्नो पदमा बहाल रहनेछ।त्यस्तै, मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुने र संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुने संवैधानिक व्यवस्था रहेको छ।

### १.२ ऐतिहासिक पृष्ठभूमि

मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट मुख्य न्यायाधिवक्ताको नियुक्ति हुने संवैधानिक व्यवस्था बमोजिम मिति २०७४।११।०७ मा प्रदेश नं. २ मा मुख्य न्यायाधिवक्ताको नियुक्ति भए सँगै मुख्य न्यायाधिवक्ताको कार्यालय जनकपुरधामस्थित मधेश भवनमा स्थापना भई कार्यभार सञ्चालन भइरहेको छ।

यसका अलावा मधेश प्रदेशमा मानव अधिकारको प्रत्याभूतिका लागि यस प्रदेशको ८ वटा जिल्लाहरुमा नियुक्त प्रदेश कानुनी सहायता अधिकृत मार्फत सेवाग्राहीहरुलाई निःशुल्क कानूनी सल्लाह तथा सहयोग प्रदान गर्नु, मधेश प्रदेशभित्र भएका विभिन्न खाले घटनाहरुलाई छानविन गर्ने कार्यमा समेत सहयोग गर्दै आएको छ। साथै प्रदेश सरकार र मातहतका निकायहरु पक्ष भएको र प्रदेश सरकारलाई विपक्षी बनाई दायर भएको मुद्दामा बहस, पैरवी र प्रतिरक्षा गर्ने कार्य हुँदै आएको छ। त्यस्तै, यस कार्यालयले प्रदेशमा बनेका ऐन, नियम, निर्देशिका, मापदण्ड, कार्यविधिहरुको निर्माणमा आवश्यक्ता अनुसार संलग्न भई सहयोग प्रदान गर्नुका साथै समयानुकुल कानूनको संशोधन गर्न आवश्यक राय सल्लाह समेत दिने गरेको छ।

### १.३ मुख्य न्यायाधिवक्ताको जिम्मेवारी

(क) संवैधानिक जिम्मेवारी

नेपालको संविधानको धारा १६० को उपधारा (५) मा मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुनेछ र संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुने भनी व्यवस्था छ।मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त प्रदेश कानून बमोजिम हुने संवैधानिक

व्यवस्था अनुसार मधेश प्रदेशको प्रदेश सभाबाट मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ पारित भई लागु भइसकेको छ। यस ऐनको दफा ४ मा संविधानको धारा १६० मा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त मुख्य न्यायाधिवक्ताको अन्य काम, कर्तव्य र अधिकार समेतको व्यवस्था गरेको छ।

## १.४ मुख्य न्यायाधिवक्ताको काम कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५

### (ख) कानूनी जिम्मेवारी

(१) मुख्य न्यायाधिवक्ताको काम कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ ले व्यवस्था गरेका मुख्य न्यायाधिवक्ताका काम, कर्तव्य र अधिकार देहाय बमोजिम छन्:-

- प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार निहित रहेको संविधान वा कानूनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सम्बन्धित प्रदेशको सन्दर्भमा सार्वजनिक महत्त्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने,
- प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीले कुनै संवैधानिक वा कानूनी प्रश्नमा राय माग गरेमा कानूनी राय दिने,
- प्रदेश सरकार र मातहतका निकायहरुका नाममा अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयन गर्न गराउन प्रदेशको सरकारका मन्त्रालय वा कार्यालयलाई पत्राचार गर्ने तथा आदेश वा फैसला कार्यान्वयनको अनुगमन गर्ने,
- प्रदेश कार्यक्षेत्रको कुनै विषयमा तत्काल कानून बनाउनुपर्ने वा भईरहेको कानून संशोधन गर्नुपरेमा त्यसको कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्ने,
- प्रदेश सरकारका मन्त्रालय वा कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानूनी लिखतको स्तर कायम गर्न आवश्यक सहयोग गर्ने,
- प्रदेश सरकारको मातहतमा रहेका हिरासत, थुनुवा कक्ष वा कारागारमा रहेका थुनुवा तथा कैदी उपर मानवोचित व्यवहार भए नभएको सम्बन्धमा निरीक्षण गरी सो सम्बन्धी प्रतिवेदन तयार गरी सम्बन्धित निकायलाई आवश्यक सुझाव प्रदान गर्ने,
- प्रदेश कानूनद्वारा स्थापित कुनै न्यायिक निकाय वा अर्धन्यायिक निकायका स्थापना, कार्यविधि र अन्य व्यवस्था गर्दा राय सुझाव प्रदान गर्ने,
- प्रदेश संसद वा त्यसको कुनै समितिले आमन्त्रण गरेमा सो संसद वा सो को समितिको बैठकमा उपस्थित भई संवैधानिक वा कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्ने,

- प्रदेश सरकारलाई सरोकार पर्ने कुनै मुद्दामा बहस पैरवी वा प्रतिरक्षाको लागि सम्बन्धित अधिकारीले मुख्य न्यायाधिवक्तालाई अनुरोध गरी पठाएमा मुख्य न्यायाधिवक्ता आफैले प्रतिनिधित्व गर्न वा आफ्नो कार्यालयको कुनै अधिकृतलाई खटाउन सक्ने,
- कुनै न्यायिक वा अर्धन्यायिक निकायबाट भएको निर्णय वा आदेशबाट प्रदेश सरकारको हकहितमा असर पर्ने रहेछ र त्यस्तो निर्णय वा आदेश विरुद्ध मुद्दा दायर गर्न, पुनरावेदन गर्न वा पुनरावलोकनको लागि निवेदन दिन वा अन्य कुनै कानूनी उपचार प्राप्त गर्न कानून बमोजिम कुनै अधिकारी तोकेको रहेनछ भने मुख्य न्यायाधिवक्ता वा निजले तोकेको अधिकृतले त्यस्तो निर्णय वा आदेश विरुद्ध कानून बमोजिम सम्बन्धित निकायमा मुद्दा दायर गर्न, पुनरावेदन गर्न वा पुनरावलोकनको लागि निवेदन दिन सक्ने,
- प्रदेश कानून बमोजिम स्थापित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारवाहीबाट प्रदेश सरकारको हकहित प्रतिकूल भएको वा संविधान वा प्रचलित कानूनको उलङ्घन भएको छ भन्ने मुख्य न्यायधिवक्तालाई लागेमा र त्यस्तो निर्णय वा काम कारवाही विरुद्ध उजुर गर्न कानूनले कुनै अधिकारी तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता आफैले वा निजले तोकेको अधिकृतले त्यस्तो निर्णय वा काम कारवाहीविरुद्ध कानूनी उपचार प्राप्त गर्न सक्ने,
- प्रदेश सरकारको हकहित र सरोकार निहित विषयमा नेपालको जुनसुकै अदालत, न्यायिक निकाय, कार्यालय र पदाधिकारी समक्ष उपस्थित हुने,
- प्रदेश सभा वा त्यसको कुनै समितिले गरेको आमन्त्रण बमोजिम त्यस्तो बैठकमा उपस्थित भई कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्न सक्ने,
- कुनै गम्भीर वा सार्वजनिक महत्वको वा प्रदेश सरकारलाई सरोकार पर्ने कुनै मुद्दा दायर गर्न, अभियोजन एवं वहस पैरवी गर्न आवश्यक छ भन्ने लागेमा सो बमोजिम गर्न कुनै न्यायाधिवक्तालाई खटाउन सक्ने,
- महान्यायाधिवक्ताको परामर्श र समन्वयमा उच्च सरकारी वकीलको कार्यालय र जिल्ला सरकारी वकीलको कार्यालयको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्ने।

२. प्रदेश कानुनी सहायता अधिकृतको नियुक्ति तथा सेवा शर्त सम्बन्धी निर्देशिका,२०७५ मा भएको व्यवस्था

प्रदेश कानुनी सहायता अधिकृतको नियुक्ति तथा सेवा शर्त सम्बन्धि निर्देशिका, २०७५ को दफा ७ बमोजिम मुख्य न्यायाधिवक्ताको कार्यालयले नियुक्त गर्ने प्रदेश कानुनी सहायता अधिकृतको छनौट तथा मूल्यांकन समितीको अध्यक्षता मुख्य न्यायाधिवक्ताले गर्ने कानुनी व्यवस्था रहेको छ।

### ३. फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा भएको व्यवस्था

फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४को दफा ३८ को उपदफा २ ले प्रोवेशन तथा प्यारोल बोर्डको प्रत्यक्ष निर्देशन तथा नियन्त्रण तथा सुपरिवेक्षणमा रहने गरी मुख्य न्यायाधिवक्ताको अध्यक्षतामा प्रदेश प्रोवेशन तथा प्यारोल बोर्ड रहने समेतको व्यवस्था रहेको छ।

### १.५ न्यायाधिवक्तालाई अधिकार प्रत्यायोजनः

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को दफा ४को उपदफा (७) मा मुख्य न्यायाधिवक्ताले उक्त दफा बमोजिम आफूलाई प्राप्त अधिकारहरु मध्ये केही अधिकार मातहतका अन्य न्यायाधिवक्तालाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था छ।

### १.६ वार्षिक प्रतिवेदन पेश गर्ने सम्बन्धी व्यवस्थाः

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धि ऐन, २०७५ को दफा १३ बमोजिम मुख्य न्यायाधिवक्ताले मुख्य न्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयको काम कारवाहीको वार्षिक प्रतिवेदन तोकिएको ढाँचामा आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र प्रदेश प्रमुख समक्ष पेश गर्नुपर्ने र प्रदेश प्रमुखले मुख्यमन्त्री मार्फत त्यस्तो वार्षिक प्रतिवेदन प्रदेश सभामा पेश गर्ने व्यवस्था छ। त्यसरी पेश गरिने वार्षिक प्रतिवेदनमा अन्य कुराका अतिरिक्त आफ्नो र मातहतका कार्यालयको भौतिक स्थिति, कार्यबोझ, काम कारवाहीको वास्तविक स्थिति चित्रण गरी मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारका विषयमा आवश्यक सिफारिस र सुझावहरु समेत उल्लेख गरेको हुनुपर्ने व्यवस्था छ।

### १.७ सङ्गठनात्मक स्वरुपः

नेपालको संविधानको धारा १६० (६) मा मुख्य न्यायाधिवक्ताको कार्यालयका कर्मचारीको व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयबाट हुने व्यवस्था रहेको छ। सोही व्यवस्था बमोजिम स्वीकृत सङ्गठन संरचना अनुसार यस कार्यालयमा तीन वटा शाखा र मुख्य न्यायाधिवक्ताको सचिवालय रहने व्यवस्था छ।यसका साथै मधेश प्रदेशको आठवटै जिल्लामा प्रदेश कानुनी सहायता अधिकृतको नियुक्ती तथा सेवा शर्त सम्बन्धि निर्देशिका, २०७५ मा व्यवस्था भए बमोजिम निःशुल्क कानूनी सहायता उपलब्ध गराउन मधेश प्रदेशका ८ वटै जिल्लाहरुमा प्रदेश कानुनी सहायता अधिकृत करार सेवामा नियुक्त गरिएको छ।

## तालिका नं. १

**प्रदेश सरकार**
**मधेश प्रदेश**
**मुख्य न्यायाधिवक्ताको कार्यालयको संगठन संरचना**




### १.७.१ कानूनी राय तथा प्रतिरक्षा शाखाः

कानुनी राय तथा प्रतिरक्षा शाखाले संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अधिकारीलाई राय सल्लाह प्रदान गर्ने र सो को अभिलेख राख्ने, प्रदेश सरकार वा प्रदेश सरकार अन्तर्गतका कार्यालयलाई विपक्षी बनाएका रिट निवेदनका सम्बन्धमा प्राप्त लिखित जवाफको ढाँचा र विषयवस्तु मिले नमिलेको रुजु गरी सम्बन्धित निकायमा दर्ताका लागि पठाउने, त्यस्ता रिट निवेदनमा प्रदेश सरकारको तर्फबाट सम्मानित सर्वोच्च अदालत, उच्च अदालत पाटन, प्रशासकीय अदालत तथा यस प्रदेश अन्तर्गत को उच्च अदालत जनकपुर, उच्च अदालत जनकपुर राजविराज इजलास, उच्च अदालतत जनकपुर अस्थायी इजलास बिरगंज तथा यस प्रदेश अन्तर्गतका जिल्ला अदालतहरुमा समेत उपस्थित भइ बहस पैरवी र प्रतिरक्षा गर्ने, मुद्दा व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य गर्ने, साप्ताहिक पेशी सूची प्रकाशित गर्ने, फैसला भएका मुद्दाहरुको लगत कट्टा गरी मुद्दाको विवरण अपडेट गरी मुख्य न्यायाधिवक्तालाई जानकारी बहस प्रतिरक्षा गर्ने गराउने, प्रदेश कानूनी सहायता अधिकृतहरुले गरेका कार्यहरुको अभिलेख राख्ने समेतको कार्य गर्दछ।

### १.७.२ प्रशासन शाखाः

मुख्य न्यायाधिवक्ताको कार्यालयमा रहेको यस शाखाले कार्यालयको आन्तरिक प्रशासन, विभिन्न अन्तर्क्रिया, गोष्ठी, कार्यक्रम सञ्चालन, सहयोग कार्यक्रम, दर्ता चलानी, जिन्सी र पुस्तकालय व्यवस्थापन सम्बन्धी कार्य

गर्ने जिम्मेवारी पाएको छ। यसका साथै कार्यालयको जनशक्ति व्यवस्थापन गर्ने र मौजुदा जनशक्तिलाई तालिम तथा प्रशिक्षण दिने, भौतिक संरचनाको रेखदेख तथा मर्मत संभार गराउने, कार्यालयको नियमित कार्य सञ्चालन गर्ने, मातहतका कार्यालयहरुको अनुगमन गरी आवश्यक निर्देशन दिने लगायतका जिम्मेवारी पनि प्रशासन शाखालाई तोकिएको छ।

### १.७.३ आर्थिक प्रशासन शाखाः

यस मुख्य न्यायाधिवक्ताको कार्यालयको वार्षिक कार्यक्रम तयार गर्ने, बजेट निकासा गर्ने, विनियोजित बजेट सम्बन्धित बजेट शीर्षकमा नियमानुसार खर्च लेख्ने, तलब भत्ता र अन्य सुविधा उपलब्ध गराउन आवश्यक कागजात तयार गरी पेश गर्ने, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालयबाट प्राप्त निर्देशन बमोजिम खर्च गर्ने र लेखा परीक्षण गराउने लगायतका कार्य जिम्मेवारी आर्थिक प्रशासन शाखालाई तोकिएको छ। यसका साथै प्रशासन शाखासँग समन्वय गरी अन्य आवश्यक कार्यहरु समेत गर्दै आएको छ।

### १.७.४ पुस्तकालयः

मधेश प्रदेशको मुख्य न्यायाधिवक्ताको कार्यालय, जनकपुरधाममा एउटा पुस्तकालय शाखा छ। यसले डिजिटल स्मार्ट बोर्डको सुविधा प्रदान गर्दछ र नेपालका **संघीय कानुनदेखि** लिएर मधेश प्रदेशले बनाएका **सम्पूर्ण कानुनको संग्रह**लाई समेटेको छ। यसका अतिरिक्त, यहाँ सम्मानित सर्वोच्च अदालतले प्रतिपादन गरेका महत्त्वपूर्ण **नजिरहरूको संग्रह** र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका कानुनसम्बन्धी केही महत्त्वपूर्ण पुस्तकहरू पनि राखिएका छन्। यो पुस्तकालयले कार्यालयका दैनिक कार्यसञ्चालनमा आवश्यक पर्ने कानुनी जानकारी प्राप्त गर्न निकै सहयोग गर्छ। मुख्य न्यायाधिवक्ता, अन्य न्यायाधिवक्ताहरू, र सम्पूर्ण कर्मचारीहरूलाई कानुनसम्बन्धी गहन अध्ययन गर्न, प्रदेश सरकारको तर्फबाट गरिने बहस, पैरवी, र प्रतिरक्षाका लागि आवश्यक ज्ञान हासिल गर्न यसले महत्त्वपूर्ण भूमिका खेल्छ। यहाँको शान्त वातावरणले कानुनी अभ्यास, राष्ट्रिय-अन्तर्राष्ट्रिय कानुनको तुलनात्मक अध्ययन, र नेपालको संघीय संरचनामा कानुनको औचित्य तथा कार्यान्वयनबारे विश्लेषण गर्न पनि मद्दत पुऱ्याउँछ। यो पुस्तकालय कानुनका क्षेत्रमा कार्यरत शिक्षक, विद्यार्थी लगायत सबैका लागि ज्ञानको भण्डार बनेको छ।

### १.७.५ मुख्य न्यायाधिवक्ताको सचिवालयः

मुख्य न्यायाधिवक्ता समक्ष पेश हुने फाइल कागजातहरु बुझी निकासाका लागि पेश गर्ने र भएका आदेश कार्यान्वयनका लागि पठाउने, भेटघाट र फोन सम्पर्क व्यवस्थापन गर्ने लगायतका जिम्मेवारी सचिवालयलाई तोकिएको छ। साथै, मुख्य न्यायाधिवक्तालाई आमन्त्रण गरिएको कार्यक्रमहरुको बारेमा मुख्य न्यायाधिवक्तालाई जानकारी गराउनुका साथै निर्देशनानुसारको कार्यहरु गर्ने गरेको छ।

## १.८ मुख्य न्यायाधिवक्ताको कार्यालयका कर्मचारीहरुको दरबन्दी अवस्थाः

### १.८.१ स्वीकृत संगठन संरचना बमोजिम आ.व. २०८१।०८२ असार मसान्तसम्मको दरबन्दी र पदपूर्ति सम्बन्धी विवरणः

**तालिका नं. २**

**१. कर्मचारी दरबन्दी र पदपूर्तिको अवस्था**

| क्र.सं. | पद | श्रेणी | सेवा/समूह | दरबन्दी | पदपूर्ति | रिक्त | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | उपसचिव | रा.प. द्वितीय | न्याय/सरकारी वकील | १ | १ | ० | |
| २. | शाखा अधिकृत | रा.प. तृतीय | न्याय/सरकारी वकील | ३ | १ | २ | |
| ३. | नायब सुब्बा | रा.प.अनं. प्रथम | प्रशासन/सामान्य प्रशासन | २ | २ | ० | |
| ४. | लेखापाल | रा.प.अनं. प्रथम | प्रशासन/लेखा | १ | १ | ० | |
| ५. | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम | विविध | १ | १ | ० | करार |
| ६. | हलुका सवारी चालक | श्रेणीविहन | मेकानिकल/ जनरल मेकानिकल | १ | १ | ० | करार |
| ७. | कार्यालय सहयोगी | श्रेणीविहिन | विविध | २ | २ | ० | करार |
| | | | **जम्मा** | ११ | ९ | २ | |

**तालिका नं. ३**

**२. प्रदेश कानूनी सहायता अधिकृतको दरबन्दी विवरण**

(प्रदेश कानूनी सहायता अधिकृतको नियुक्ति तथा सेवा शर्त सम्बन्धि निर्देशिका, २०७५ बमोजिम)

| क्र.स | पद | श्रेणी | जिल्ला | दरबन्दी | पदपुर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश कानूनी सहायता अधिकृत | रा.प. तृतीय सरह | सप्तरी | १ | १ | ० | |
| २ | प्रदेश कानूनी सहायता अधिकृत | रा.प. तृतीय सरह | सिरहा | १ | १ | ० | |
| ३ | प्रदेश कानूनी सहायता अधिकृत | रा.प. तृतीय सरह | धनुषा | १ | १ | ० | |
| ४ | प्रदेश कानूनी सहायता अधिकृत | रा.प. तृतीय सरह | महोत्तरी | १ | १ | ० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | प्रदेश कानूनी सहायता अधिकृत | रा.प. तृतीय सरह | सर्लाही | १ | १ | ० | |
| ६ | प्रदेश कानूनी सहायता अधिकृत | रा.प. तृतीय सरह | रौतहट | १ | १ | ० | |
| ७ | प्रदेश कानूनी सहायता अधिकृत | रा.प. तृतीय सरह | बारा | १ | १ | ० | |
| ८ | प्रदेश कानूनी सहायता अधिकृत | रा.प. तृतीय सरह | पर्सा | १ | १ | ० | |

## तालिका नं. ४

**३. मुख्य न्यायाधिवक्ताज्यूको सुविधा अन्तर्गत रहने कर्मचारीको दरबन्दी विवरण**

(मुख्य न्यायाधिवक्ताको काम ,कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धि ऐन ,२०७५ बमोजिम सुविधा अन्तर्गत)

| क्र.स | पद | दरबन्दि | पदपुर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|
| १ | स्वकिय सचिव | १ | १ | ० | |
| २ | हलुका सवारी चालक/ड्राईभर | १ | १ | ० | |
| ३ | का.स/कुक | १ | १ | ० | |

**१.८.२ मुख्य न्यायाधिवक्ताको कार्यालयमा हाल कार्यरत पदाधिकारी एवं कर्मचारीको नामावलीः**

**तालिका नं. ५**

**१. कार्यरत कर्मचारीको नामावली (पदाधिकारी दरबन्दी, स्विकृत दरबन्दी, प्रदेश कानूनी सहायता अधिकृतको दरबन्दी र सेवा करार समेत)**

| क्र.सं. | पद | नामथर | वतन |
|---|---|---|---|
| १ | मुख्य न्यायाधिवक्ता | श्रीमान सुरेन्द्र कुमार महतो | धनुषा |
| २ | उपन्यायाधिवक्ता | श्री नरेश राय यादव | सर्लाही |
| ३ | सहायक न्यायाधिवक्ता | श्री सुदिप कुमार राय | धनुषा |
| ४ | लेखा अधिकृत छैठौं | श्री तुलसी प्रसाद पोखरेल | सर्लाही |
| ५ | स्वकीय सचिव | श्री उत्कर्ष महतो | धनुषा |

| | | | |
|---|---|---|---|
| ६ | कानून व्यवसायी | श्री दिनेश रोक्का | सोलुखुम्बु |
| ७ | कानून व्यवसायी | श्री काजल चौधरी | धनुषा |
| ८ | सहायक पाँचौ | श्री रुबी कुमारी मेहता | सुनसरी |
| ९ | सहायक पाँचौ | श्री वर्षा कुमारी पुर्वे | धनुषा |
| १० | कम्प्युटर अपरेटर | श्री विन्दा कुमारी | सर्लाही |
| ११ | कम्प्युटर अपरेटर | श्री चन्द्रदिप गोइत यादव | धनुषा |
| १२ | हलुका सवारी चालक | श्री दिपेन्द्र तेथवार यादव | धनुषा |
| १३ | हलुका सवारी चालक | श्री विनय शर्मा | धनुषा |
| १४ | कार्यालय सहयोगी | श्री निर कुमारी आचार्य | सिन्धुपाल्चोक |
| १५ | कार्यालय सहयोगी | श्री गोबिन्द पण्डित | महोत्तरी |
| १६ | कार्यालय सहयोगी | श्री अन्जु माझी | धनुषा |
| १७ | कार्यालय सहयोगी | श्री सबि हाडा | भक्तपुर |
| १८ | कुचिकार (ज्यालादारी) | श्री रागिनी कुमारी यादव | सर्लाही |
| १९ | कुचिकार (ज्यालादारी) | श्री विभा मेस्तर | धनुषा |

**तालिका नं. ६**

**२. प्रदेश कानुनी सहायता अधिकृत**

| | | | |
|---|---|---|---|
| १ | प्रदेश कानून अधिकृत | श्री गौरी शंकर महतो | धनुषा |
| २ | प्रदेश कानून अधिकृत | श्री मनोज कुमार साह | महोत्तरी |
| ३ | प्रदेश कानून अधिकृत | श्री सर्मिला रेग्मी | सप्तरी |
| ४ | प्रदेश कानूनी सहायता अधिकृत | श्री लक्ष्मी ठाकुर | सिराहा |
| ५ | प्रदेश कानूनी सहायता अधिकृत | श्री आशा कुमारी शाह | सर्लाही |

| | | | |
|---|---|---|---|
| ६ | प्रदेश कानूनी सहायता अधिकृत | श्री उपेन्द्र कुमार साह | रौतहट |
| ७ | प्रदेश कानूनी सहायता अधिकृत | श्री पुजा कुमारी सिंह | बारा |
| ८ | प्रदेश कानूनी सहायता अधिकृत | श्री दिब्या सिंह | पर्सा |

**तालिका नं. ७**

## १.८.३ स्थापनाकाल मिति २०७४।११।०७ देखि हालसम्मका मुख्य न्यायाधिवक्ताहरुको विवरण

| क स | पद | नाम थर | पदावधि |
|---|---|---|---|
| १ | मुख्य न्यायाधिवक्ता | श्री दीपेन्द्र झा | २०७४।११।०७ देखि२०७९/०६/०९ सम्म |
| २ | मुख्य न्यायाधिवक्ता | श्री वीरेन्द्र कुमार ठाकुर | २०७९।१०।१५ देखि २०८१।०२।२९ सम्म |
| ३ | मुख्य न्यायाधिवक्ता | श्री सुरेन्द्र कुमार महतो | २०८१।०२।३० देखि हालसम्म |

**तालिका नं. ८**

## १.८.४ स्थापनाकाल मिति २०७४।११।०७ देखि हालसम्मका कार्यालय प्रमुखहरुको विवरण

| क स | पद | नाम चर | पदावधि |
|---|---|---|---|
| १ | उपन्यायाधिवक्ता | श्री कृष्ण प्रसाद बराल | २०७५।०२।०९ देखि २०७५।०७।१६ सम्म |
| २ | उपन्यायाधिवक्ता | श्री ऋद्धिनाथ निरौला | २०७५।०८।०६ देखि २०७६।०९।०८ सम्म |
| ३ | उपन्यायाधिवक्ता | श्री राजेन्द्र बहादुर बस्नेत | २०७६।०९।०९ देखि २०७७।०६।०९ सम्म |
| ४ | निमित्त उपन्यायाधिवक्ता | श्री अजीत कुमार लाल कर्ण | २०७७।०६।१० देखि २०७७।१२।२६र २०७८।०७।१ देखि २०७८।१२।१५ सम्म |
| ५ | उपन्यायाधिवक्ता | श्री प्रकाश बहादुर भण्डारी | २०७८।०१।०३ देखि २०७८।०६।०१ सम्म |
| ६ | उपन्यायाधिवक्ता | श्री सुदीप कुमार दंगाल | २०७८।१२।१६ देखि २०८०।०२।२३ सम्म |
| ७ | उपन्यायाधिवक्ता | श्री मनोज प्रसाद गुप्ता | २०८०।०२।२९ देखि २०८१।०३।२ सम्म |
| ८ | उपन्यायाधिवक्ता | श्री कृष्ण चन्द पाण्डे | २०८१।०४।०७ देखि २०८१।०८।१४ सम्म |
| ९ | उपन्यायाधिवक्ता | श्री सुदीपकुमार दंगाल | २०८१।०९।१७ देखि २०८२।०४।२६ सम्म |
| १० | उपन्यायाधिवक्ता | श्री नरेश राय यादव | २०८२।०५।०२ देखि हालसम्म |

## १.९ कार्यालय भवन तथा भौतिक स्रोत साधनको अवस्थाः

संगठनको लक्ष्य अनुरुप प्रभावकारी कार्य सम्पादनका लागि उपयुक्त वातावरण निर्माण गर्न कार्यालय भवन, आवास, फर्निचर, कार्यालय सामाग्रीहरु, सवारी साधन र सुरक्षाको समुचित व्यवस्थापन अपरिहार्य छ। साविक जनकपुर चुरोट कारखाना लिमिटेडको क्षेत्रभित्र रहेको विद्यालयको भवन (हाल मधेश भवन परिसरभित्र) बाट यस कार्यालयको दैनिक कार्य संचालन हुँदै आएको छ। यस कार्यालयको उक्त भवनमा शाखाहरुको व्यवस्थापन, बैठक कक्ष, मुख्य न्यायाधिवक्ताको आवास, पुस्तकालय, जिन्सी शाखा, शौचालय, चियापान कक्ष, प्रतिक्षालय तथा कार्यालय परिसरमा बगैंचा निर्माण गरिएको छ। यस कार्यालयका कर्मचारीहरुको लागि समेत आवासको व्यवस्था गरिएको छ।

**तालिका नं. ९**

**सवारी साधन, सूचना तथा विद्युतीय सामानको विवरण**

| विवरण | संख्या | हालको अवस्था | कैफियत |
|---|---|---|---|
| चारपाङ्ग्रे गाडी | ३ थान | १ थान | **२०८२ भाद्र २४ गते भएको जेनजी आन्दोलनका क्रममा कार्यालयमा भएका २ वटा चारपांग्रे गाडी, २ वटा मोटरसाइकल, १ वटा स्कूटी लगायत कार्यालय भवनमा समेत आगजनी गरी कार्यालयको भौतिक सम्पत्तिमा हानी नोक्सानी पुर्याइ जिन्सी मालसमान लुटपाट समेत भएको। साथै प्रदेश कानूनी सहायता अधिकृतको कार्यालय सर्लाहीमा समेत क्षति पुगेको।** |
| मोटरसाइकल | ४ थान | २ थान | |
| स्कुटर | १ थान | - | |
| All in one omputer | ३ थान | १ थान | |
| ल्यापटप | ७ थान | २ थान | |
| डेस्कटप कम्प्युटर सेट | १८ थान | ९ थान | |
| प्रिन्टर | १९ थान | १३ थान | |
| फोटोकपी मेशिन | ३ थान | १ थान | |
| टेलिभिजन | ४ थान | २ थान | |
| एयर कन्डिसनर | १७ थान | १५ थान | |
| इन्भर्टर | ३ थान | - | |
| स्मार्ट बोर्ड | २ थान | १ थान | |
| प्रोजेक्टर | १ थान | १ थान | |
| सोफा | १९ सेट | १६ थान | |
| सिलिङ्ग फयान | १२ थान | ९ थान | |
| स्टैन्ड फयान | २३ थान | १८ थान | |

## १.१० मुख्य न्यायाधिवक्ताको कार्यालयको बजेट विवरण

**तालिका नं. १०**

यस कार्यालयले आ.व. २०८१।०८२ प्राप्त गरेको बजेट विवरण

| | विनियोजन (रु. हजारमा) | खर्च (रु. हजारमा) | बाँकी (रु. हजारमा) | खर्च प्रतिशत |
|---|---|---|---|---|
| चालु | ३०२०० | २६६५७ | ३५४३ | ८८.२७% |
| पुँजीगत | ४००० | २९९१ | १००९ | ७४.७७% |
| **जम्मा** | **३४२००** | **२९६४८** | **४५५२** | **८६.६९%** |

## चार्ट नं. १

### चालु र पुंजिगत बजेटको अनुपात




## चार्ट नं. २

### बजेटको खर्च प्रतिशत



# सम्पादित कार्यहरु

यस कार्यालयबाट आर्थिक वर्ष २०८१।०८२ मा संवैधानिक तथा कानूनी विषयमा दिइएको कानूनी राय, सल्लाह र मुद्दामा बहस, पैरवी, प्रतिरक्षा एवं न्यायिक कार्यका सिलसिलामा सम्पादन गरिएका कार्यहरुको लगत र फर्छ्यौट विवरणलाई क्रमशः प्रस्तुत गरिएको छ।

## २.१ मुद्दाको प्रतिरक्षा सम्बन्धी विवरण

नेपालको संविधान एवं मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ बमोजिम मधेश प्रदेश सरकार र यस अन्तर्गतका कार्यालयहरुलाई विपक्षी बनाई सर्वोच्च अदालत, उच्च अदालत पाटन, उच्च अदालत जनकपुर, उच्च अदालत जनकपुर राजबिराज इजलास र उच्च अदालत जनकपुर अस्थायी ईजलास बिरगंजका साथै मधेश प्रदेश अन्तर्गतका सबै जिल्ला अदालतमा दर्ता भएका उत्प्रेषण, परमादेश, प्रतिषेध, अधिकारपृच्छा, निषेधाज्ञा, अदालतको अवहेलना जस्ता रिट निवेदनका मुद्दाहरुमा प्रदेश सरकारको तर्फबाट यस कार्यालयले प्रतिरक्षा गर्दै आएको छ। साथै प्रदेश सरकारको तर्फबाट दायर भएका मुद्दाहरुमा समेत यस कार्यालयबाट बहस पैरवी हुँदै आएको छ। प्रदेश सरकार निवेदक/वादी (पक्ष) तथा प्रत्यर्थी/प्रतिवादी (विपक्षी) भएको मुद्दाको विस्तृत विवरण अनुसूची १ मा उल्लेख गरिएको छ।

**तालिका नं. ११**

**मुद्दाको प्रतिरक्षा सम्बन्धी विवरण**

| अदालत/मुद्दा | उत्प्रेषण/परमादेश | अदालतको अवहेलना | निषेधाज्ञा | करार बमोजिम परिपालना | पुनरावेदन | बढुवा निर्णय बदर | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| सर्वोच्च अदालत | १५५ | १ | | | १ | | | १५७ |
| उच्च अदालत पाटन | २ | | | | | | | २ |
| प्रशासकीय अदालत | | | | | | १० | | १० |
| उच्च अदालत जनकपुर | ८७ | ३ | ३२ | | ६ | | ४ | १३२ |
| उच्च अदालत अस्थायी ईजलाश विरगंज | २२ | १ | २ | | | | | २५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| उच्च अदालत जनकपुर राजबिराज ईजलास | ११ | | २ | | | | १ | १४ |
| सप्तरी जिल्ला अदालत | | | | | | | | |
| सिराहा जिल्ला अदालत | | | | | | | | |
| धनुषा जिल्ला अदालत | | | | १५ | | | | १५ |
| महोत्तरी जिल्ला अदालत | | ३ | २ | १ | | | | ६ |
| सर्लाही जिल्ला अदालत | | | | २ | | | | २ |
| रौतहट जिल्ला अदालत | | | ३ | १ | | | | ४ |
| बारा जिल्ला अदालत | | | | | | | | |
| पर्सा जिल्ला अदालत | | | | | | | १ | १ |
| जम्मा मुद्दा | २७७ | ८ | ४१ | १९ | ७ | १० | ६ | ३६८ |

## तालिका नं. १२
## मुद्दाको लगत फर्छ्यौट र बाँकीको विवरण
## आ.व. २०८१/०८२ को मुद्दाको लगत फर्छ्यौट र बाँकीको विवरण

| अदालत | लगत | फर्छ्यौट | बाँकी | फर्छ्यौट प्रतिशत |
|---|---|---|---|---|
| सर्वोच्च अदालत | १५७ | ७१ | ८६ | ४५.२३% |
| प्रशासकिय अदालत | १० | ७ | ३ | ७०% |
| उच्च अदालत पाटन | २ | २ | ० | १००% |
| उच्च अदालत जनकपुर | १३२ | ७९ | ५३ | ५९.८५% |
| उच्च अदालत जनकपुर अस्थायी ईजलास बिरगंज | २५ | १३ | १२ | ५२% |
| उच्च अदालत जनकपुर राजविराज ईजलास | १४ | १२ | २ | ८५.७२% |
| सप्तरी जिल्ला अदालत | ० | ० | ० | |

| | | | | |
|---|---|---|---|---|
| सिरहा जिल्ला अदालत | ० | ० | ० | |
| महोत्तरी जिल्ला अदालत | ६ | १ | ५ | १६.६७% |
| धनुषा जिल्ला अदालत | १५ | ७ | ८ | ४६.६६% |
| सर्लाही जिल्ला अदालत | २ | १ | १ | ५०% |
| बारा जिल्ला अदालत | ० | ० | ० | |
| रौतहट जिल्ला अदालत | ४ | ३ | १ | ७५% |
| पर्सा जिल्ला अदालत | १ | ० | १ | ०% |
| **जम्मा** | **३६८** | **१९६** | **१७२** | ५२.२७% |

## तालिका नं. १३
## फैसलाको प्रकृति अनुसार मुद्दाको विवरणः

प्रदेश सरकार विपक्ष भएका मुद्दामा आ.व. २०८१।०८२ मा भएका फैसलाको प्रकृतिका आधारमा मुद्दाको विवरणः

| **अदालत** | **फैसला भएको मुद्दा संख्या** | **फैसलाको किसिम** | | | | |
|---|---|---|---|---|---|---|
| | | रिट जारी/दावी पुग्ने | रिट खारेज/दावी नपुग्ने | तामेली/मुल्तवी | मुद्दा फिर्ता | अन्य |
| सर्वोच्च अदालत | ७१ | ६ | ६० | ३ | | २ (संवैधानिक इजलासमा पठाउने) |
| प्रशासकिय अदालत | ७ | १ | ६ | | | |
| उच्च अदालत पाटन | २ | | २ | | | |
| उच्च अदालत जनकपुर | ७९ | २२ | ४६ | ६ | ४ | १ (मध्यस्थकर्ता नियुक्त गर्ने) |
| उच्च अदालत जनकपुर अस्थायी ईजलास बिरगंज | १३ | ३ | ८ | १ | १ | |
| उच्च अदालत जनकपुर राजविराज ईजलास | १२ | ३ (२ वटा आंशिक जारी) | ६ | १ | १ | १ (उल्टी) |
| सप्तरी जिल्ला अदालत | ० | | | | | |
| सिरहा जिल्ला अदालत | ० | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| महोत्तरी जिल्ला अदालत | १ | १ (आंशिक दावी पुग्ने) | | | | |
| धनुषा जिल्ला अदालत | ७ | | ७ | | | |
| सर्लाही जिल्ला अदालत | १ | | १ | | | |
| बारा जिल्ला अदालत | ० | | | | | |
| रौतहट जिल्ला अदालत | ३ | १ | १ | १ | | |
| पर्सा जिल्ला अदालत | ० | | | | | |
| **जम्मा** | १९६ | ३७ | १३७ | १२ | ६ | ४ |
| **फछ्र्यौंट प्रतिशत (%)** | १००% | १८.८८% | ६९.९०% | ६.१२% | ३.०६% | २.०४% |

चार्ट नं. ३




## २.२ न्यायिक प्रतिरक्षामा मुख्य न्यायाधिवक्ताको कार्यालयको भूमिका र भावी कार्यदिशाः

माथिको तालिका र पाइचार्टलाई विश्लेषण गर्दा सर्वोच्च अदालत, प्रशासकीय अदालत, उच्च अदालत पाटन, उच्च अदालत जनकपुर, उच्च अदालत जनकपुर राजविराज ईजलास, उच्च अदालत जनकपुर अस्थायी ईजलास बिरगंज लगायत मधेश प्रदेशका आठ ओटा जिल्ला अदालतहरुमा मधेश प्रदेश सरकारलाई विपक्षी बनाई आर्थिक वर्ष २०८१।०८२ मा जम्मा ३६८ वटा मुद्दा दायर भएकोमा कुल ३६८

मुद्दामध्ये १९६ वटा मुद्दामाथि अदालतले फैसला गरेको छ, जसमध्ये १३७ वटामा रिट खारेज हुने/दावी नपुग्ने फैसला भएको छ। यो तथ्याङ्कले मुख्य न्यायाधिवक्ताको कार्यालयले प्रदेश सरकारको प्रतिरक्षामा खेलेको भूमिकालाई स्पष्ट रूपमा देखाउँछ। करिब ७०% (६९.९०%) मुद्दामा प्रदेश सरकारको पक्षमा निर्णय आउनुले सरकारको कामकारबाहीमा कानुनी प्रक्रियाको पालना भएको पुष्टि हुन्छ। यो सफलताले न्यायिक लडाईमा सरकारको अडान र कानुनी तयारी बलियो रहेको प्रमाणित गर्दछ।

यद्यपि, करिब १९% (१८.८८%) मुद्दामा रिट जारी हुने/दावी पुग्ने फैसला भएको तथ्यलाई पनि नजरअन्दाज गर्न मिल्दैन। यी मुद्दाहरूले प्रदेश सरकारका केही निर्णय वा कार्यशैलीमा कानुनी त्रुटि वा प्रक्रियागत कमजोरी रहेको संकेत गर्दछ। यसले भविष्यमा सरकारले आफ्नो कामकारबाहीलाई थप कानुनसम्मत र पारदर्शी बनाउनु पर्ने आवश्यकतालाई जोड दिन्छ। मुख्य न्यायाधिवक्ताको कार्यालयले अबका दिनमा यस्ता कमजोरीहरूलाई पहिचान गरी सरकारलाई आवश्यक कानुनी सल्लाह प्रदान गर्नुपर्छ। यसबाट आगामी दिनमा रिट जारी हुने दरलाई अझ घटाउन सकिन्छ। समग्रमा, यो विश्लेषणले मुख्य न्यायाधिवक्ताको कार्यालयको सफल प्रतिरक्षाको भूमिकालाई मात्र होइन, प्रदेश सरकारको कानुनी सुशासनलाई थप मजबुत बनाउनुपर्ने भावी कार्यदिशा पनि देखाउँछ।

## २.३ संवैधानिक तथा कानूनी विषयमा राय परामर्श प्रदान

यस कार्यालयको स्थापना भएपछि विभिन्न विषयमा राय माग भएकोमा राय परामर्श प्रदान गरिएको छ। मुख्य न्यायाधिवक्ता एवं यस कार्यालयको कर्मचरीबाट विभिन्न बैठकहरुमा सहभागी भई कानून तर्जुमामा सहजिकरण, कानूनको कार्यान्वयनका विषयका साथै आवश्यक अन्य विषयमा कानूनी राय परामर्श प्रदान गर्ने कार्य भएको छ। मुख्य न्यायाधिवक्ताले मधेश प्रदेशको प्रदेश सभाको विधायन समितिमा आवश्यक्ता अनुसार समय समयमा उपस्थित भई राय, परामर्श प्रदान गर्दै आउनु भएको छ। प्रदेश सरकारका निकायहरुबाट मौखिक रुपमा र सञ्चारको माध्यमबाट समेत राय परामर्श माग गर्दै आएकोमा सामान्य प्रकृतिका परामर्श मौखिक तथा सञ्चार माध्यमबाट समेत प्रदान गरिदै आएको अवस्था छ तर लिखित रुपमा तोकिएको ढाँचामा राय माग भएको खण्डमा मात्रै यस कार्यालयबाट लिखित रुपमा कानूनी राय प्रदान गरिएको छ। कानूनी राय माग्दा रित नपुर्याई तोकिएको ढाँचामा माग नभएको अवस्थामा सम्बन्धित निकायलाई तोकिएको ढाँचामा कानूनी राय माग गर्नु भनी फिर्ता पठाइएको अवस्था छ। यस आर्थिक वर्ष २०८१।०८२ मा यस कार्यालयबाट रितपूर्वक तोकिएको ढाँचामा २ वटा राय माग भएकोमा उक्त कानूनी राय प्रदान गरिएको हो। जुन तालिका नं. १४ मा उल्लेख गरिएको छ।  साथै मुख्य न्यायाधिवक्ता कानून मस्यौदा समितिको संयोजक भई समेत कार्य गर्नुभएको छ।

### तालिका नं. १४

### आर्थिक वर्ष २०८१।०८२ मा प्रदान गरिएको कानूनी राय सम्बन्धी विवरण

| क्र.सं. | कानूनी राय माग गरेको निकाय | कानूनी राय माग गरेको विषय | कैफियत |
|---|---|---|---|
| १ | प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश | सम्मानित सर्वोच्च अदालतबाट जारी भएको अन्तरिम आदेश कार्यान्वयन सम्बन्धमा | |
| २ | अर्थ मन्त्रालय, मधेश प्रदेश | सम्मानित सर्वोच्च अदालतबाट जारी भएको अन्तरिम आदेश कार्यान्वयन सम्बन्धमा | |

## २.४ प्रदेश कानूनी सहायता अधिकृतको कार्यालयबाट भएका निःशुल्क कानूनी सहायता सम्बन्धी विवरण

मधेश प्रदेशको सबै जिल्लामा कानूनी सहायता अधिकृतहरुले नियमित रुपमा कार्य गर्दै आउनु भएको छ। कानूनी सहायता अधिकृतहरुबाट निःशुल्क रुपमा कानूनी सहायता उपलब्ध भइ रहेको देखिन्छ। पीडितको तर्फबाट जाहेरी दरखास्त रोक्का निवेदन तयार गरिदिने जस्ता कार्यहरुका समेत भएका छन्। विपन्न, असहाय व्यक्तिहरुको तर्फबाट अदालतमा बहस पैरवी गर्ने, विभिन्न प्रकारका निवेदन, जाहेरी दरखास्त, फिराद, प्रतिउत्तर लेख्ने जस्ता कार्यहरुमा निःशुल्क रुपमा प्रदान गरिदै आएको छ।

यसका साथै स्थानीय तहका प्रतिनिधिहरुलाई तथा न्यायिक समितिका पदाधिकारीहरुलाई आवश्यक परेको बेला समय समयमा कानूनी सल्लाह, परामर्श दिने, मेलमिलापकर्ताहरु लाई अभिमुखीकरण गर्ने कार्यहरु समेत प्रदेश कानूनी सहायता अधिकृतहरुले गर्दै आउनु भएको छ। यस आर्थिक वर्ष २०८१।०८२ मा निःशुल्क रुपमा कानूनी सहायता प्रदान गरी सम्पादन गरेका कार्यहरुको विवरण यस प्रकार रहेको छ। साथै प्रदेश कानूनी सहायता अधिकृतहरुबाट निःशुल्क रुपमा प्रदान गरिएको कानूनी सहायता सम्बन्धी मासिक विवरण अनुसूची नं. ४ मा समावेश गरिएको छ।

### तालिका नं. १५

### आ.व. २०८१।०८२ मा प्रदेश कानूनी सहायता अधिकृतहरुले सम्पादन गरेका कार्यहरुको विवरण

| क्र.स. | कानूनी सहायता अधिकृतको नाम | कार्यरत जिल्ला | कानूनी सहायता प्रदान गरेको मुद्दा संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | सर्मिला रेग्मी | सप्तरी | २५६ | |
| २ | लक्ष्मी ठाकुर | सिराहा | २०९ | |
| ३ | गौरीशंकर महतो | धनुषा | ४४८ | |
| ४ | मनोज कुमार साह | महोत्तरी | २५७ | |
| ५ | आशा कुमारी शाह | सर्लाही | १०७ | |
| ६ | उपेन्द्र कुमार साह | रौतहट | १४२ | |

| | | | | |
|---|---|---|---|---|
| ७ | पुजा कुमारी सिंह | बारा | १७० | |
| ८ | दिव्या सिंह | पर्सा | ११२ | |
| **जम्मा** | | | **१७०१** | |



# संस्थागत सुदृढीकरणको लागि भएका कार्यहरू

## ३.१ कानूनी राय तथा लिखित जवाफ लेखन सम्बन्धी तालिम (मिति २०८२।०२।०३ र ०४) संचालित कार्यक्रमको परिचय तथा उद्देश्य

कानूनी राय तथा लिखित जवाफ लेखन सम्बन्धी तालिम एक विशेष प्रशिक्षण कार्यक्रम हो, जसले कानूनी विशेषज्ञहरू, वकिलहरू तथा सम्बन्धित पेशागत व्यक्तिहरूलाई लिखित कानूनी दस्तावेज तयार गर्ने क्षमतामा सुधार ल्याउन मद्दत गर्छ। यो तालिममा कानूनी राय लेख्ने, अदालतका लागि लिखित जवाफ तयार गर्ने, कानूनी नीतिहरूलाई व्याख्या गर्ने तथा अन्य कानूनी दस्तावेजहरूलाई विधिवत रूपमा प्रस्तुत गर्ने विधिहरू समावेश गरिन्छ। मधेश प्रदेशका विभिन्न मन्त्रालय/कार्यालय/आयोग/केन्द्र/निर्देशनालयमा कार्यरत कानून अधिकृतहरुलाई गुणस्तरीय र प्रभावकारी कानूनी राय तथा लिखित जवाफ लेखनका लागि यस मुख्य न्यायाधिवक्ताको कार्यालयले यो कार्यक्रम सञ्चालन गरेको थियो। कानून गतिशिल हुने र समयसँगै पुराना कानून संशोधन भई नँया बन्ने भएकाले यस्ता तालिमले नवीनतम कानूनी विकासक्रम, नजिरहरु र सिद्धान्तहरुसँग सम्बन्धित कर्मचारीहरुलाई अद्यावधिक रहनका साथै समसामयिक कानूनी चुनौतीहरुको सामना गर्न थप सक्षम बनाउन, गुणस्तरीय राय लेख्न, जटिल कानूनी मुद्दाहरुको गहिरो विश्लेषण गर्न तथा तथ्यहरुको पहिचान, कानूनी प्रश्नहरुको निर्धारण, सम्बन्धित कानूनको विश्लेषण र तर्कसंगत निष्कर्ष निकाल्ने सिपको विकासमा सहयोग पुऱ्याएको थियो।

कानूनी राय तथा लिखित जवाफ स्पष्ट, संक्षिप्त र तर्कपूर्ण ढंगले कानूनी भाषाको सही प्रयोग गरी तार्किक संरचना, बलियो तर्कको प्रस्तुती र त्रुटी रहित लेखन शैली विकास गर्न तालिमले मार्गदर्शन गर्दछ। कमजोर लेखनले गलत व्याख्या वा भ्रम सिर्जना गर्न सक्छ, जसले गर्दा निर्णय प्रक्रियामा असर पर्न सक्छ। कानूनी रायले प्रायः जटिल कानूनी समस्याहरुको समाधान प्रस्तुत गर्ने भएकाले तालिमले कानून अधिकृतहरुलाई विभिन्न दृष्टिकोणबाट समस्याहरु हेर्न, सम्भावित समाधानहरुको पहिचान गर्न र सबैभन्दा उपयुक्त समाधानको लागि तर्क प्रस्तुत गर्न सक्षम बनाउने भएकाले समस्या समाधान गर्ने र क्षमताको सुदृढीकरणमा सहयोग गर्दछ।

गुणस्तरीय र प्रभावकारी कानूनी राय तथा लिखित जवाफ लेखन सम्बन्धी तालिम कानून अधिकृतहरुको व्यवसायिक विकास, न्याय प्रशासनको सुदृढीकरण र विधिको शासनको प्रवर्द्धनका लागि अपरिहार्य रहेकाले प्रदेश सरकारका काम कारबाहीलाई कानूनी रुपमा थप सुदृढ बनाउनु कार्यक्रमको प्रमुख उद्देश्य रहेको थियो।

**कार्यक्रम संचालन भएको विधि र प्रक्रियाः**

कार्यक्रम छलफल, अन्तर्किया तथा कार्यपत्र प्रस्तुतीकरणको माध्यमबाट संचालन गरिएको थियो। चारवटा कार्यपत्र मार्फत उल्लेखित उदेश्यहरु पुरा गर्न आवश्यक पर्ने विषयबस्तुहरु समेटी कार्यक्रम संचालन गरिएको थियो। जसमध्ये मधेश प्रदेशका माननीय मुख्य न्यायाधिवक्ता सुरेन्द्र कुमार महतोले **"रिट निवेदनः सिद्धान्त र व्यवहार"** विषयक कार्यपत्र, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जनकपुरका प्रदेश सचिव (कानून) राजन नेपालले **"कानूनी रायः सिद्दान्त र व्यवहार"** विषयक कार्यपत्र, सिरहा जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश डा. श्रीप्रकाश उप्रेतीले **"कानूनी सहायताः सिद्दान्त र व्यवहार"** र नेपाल बार एशोसिएशन जनकपुरका वरिष्ठ अधिवक्ता मुकेश कुमार कार्कीले **"लिखित जवाफः सिद्दान्त र व्यवहार"** विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो।

मधेश प्रदेशका मुख्य न्यायाधिवक्ता श्री सुरेन्द्र कुमार महतोले रिटको सुरुवात बेलायतको राजा/रानीले जनताको हितमा जारी गर्ने लिखित आदेशबाट भएको, विशेष परिस्थितिमा जारी गरिने निवेदन रिट हो। यसको विकास अदालतबाटै भएको, शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलनको सिद्दान्तमा आधारित रहेको, नेपालमा राणा शासनको अन्त्य पछि सुरु भएको र रिटका ५ प्रकारहरुमा बन्दीप्रत्यक्षीकरण, परमादेश, प्रतिषेध, उत्प्रेषण, अधिकारपृच्छा रहेको कुरा व्यक्त गर्नु भयो। नेपालको संविधानको धारा १३३ मा सर्वोच्च अदालतको अधिकार क्षेत्र र धारा १४४ मा उच्च अदालतको अधिकार क्षेत्रको व्यवस्था गरिएको छ। सर्वोच्च अदालतको अधिकार क्षेत्रमा वैकल्पिक उपचारको व्यवस्था नभएको, साधारण भन्दा पृथक अधिकार रहेको र संविधानसँग बाझिएका कानून बदर हुने कुरा कार्यपत्र मार्फत प्रस्तुत गर्नु भएको थियो। नागरिकको मौलिक हकको रक्षा गर्नु, न्यायिक नियन्त्रणको साधन, प्रशासनिक पारदर्शिता र प्रभावकारिता, राज्य विरुद्धको हकको रुपमा रिटको महत्व रहेको र सिद्दान्तहरुमा विधिको शासनको सिद्दान्त, न्यायिक पुनरावलोकनको सिद्दान्त, जवाफदेहिताको सिद्दान्त, वैकल्पिक उपचारको सिद्दान्त, अनुचित विलम्बको सिद्दान्त, न्यायिक मन र सफा हातको सिद्दान्त, सार्वजनिक सशक्तिकरणको सिद्दान्त, प्राकृतिक न्यायको सिद्दान्त, आदेश/फैसलाको अन्मताको सिद्दान्त, अपुरणीय क्षतिको सिद्दान्त र अन्य सिद्दान्तको बारेमा समेतका बारेमा चर्चा गर्दै रिट क्षेत्र भनेको Judge made Law भएको उल्लेख गर्नु भएको थियो।

उक्त कार्यपत्र माथि टिप्पणीकर्ता उच्च अदालत जनकपुरका माननीय मुख्य न्यायाधीश श्रीकान्त पौडेलले रिटको सम्बन्धमा थप प्रस्ट पार्दै रितपूर्वक म्याद तामेल गर्नु पर्ने, सुनुवाईको मौका दिनुपर्ने, अधिकारको दुरुपयोग भएको अवस्थामा अदालतले रिट जारी गर्ने गरेको, करारीय दायित्वमा रिट आकर्षित नहुने, तेस्रो पक्षको दायित्व सिर्जना भईसकेको अवस्थामा रिट जारी नहुने, रिट जारी गर्ने व्यक्तिको हक, अधिकार नरहेमा रिट जारी नहुने, अदालतमा विचाराधीन रहेको कुरामा समेत रिट जारी नहुने, सर्वोच्च अदालत नियमावलीले रिटको आवश्यक कार्यान्वयनका लागि फैसला कार्यान्वयन निर्देशनालय तथा अनुगमन तथा निरीक्षण महाशाखा रहेको छ भने उच्च अदालत जनकपुरले हाल २-३ महिनादेखि आदेश कार्यान्वयनको

थालनी गरेको, सम्बन्धित प्रादेशिक क्षेत्राधिकारभित्र मात्र उच्च अदालतले हेर्नु पर्ने व्यवस्था रहेको, सरुवा र करारका रिट खारेज गर्ने गरेको, यस सम्बन्धमा परेका रिटलाई सुधार गर्नुपर्ने अवस्था रहेको, सानातिना विवाद र समाधानका विकल्प रहेका विषयमा समेत रिट पर्ने हुँदा अदालतमा अनावश्यक मुद्दाको चाप परेको र यस्ता विषयमा पर्ने रिटको सम्बन्धमा अदालतले पहिलादेखि ग्रहण गर्दै आएको कुरालाई एक्कासी नकार्न नसकिने भएकाले त्यसमा पुनर्विचार गरिनु पर्ने कुरालाई उजागर गर्नु भएको थियो। त्यस्तै छलफलका क्रममा निषेधाज्ञा र रिटको कार्यविधि एउटै भएकाले यी दुवै विषय एउटै हुन त ? भन्ने प्रश्नको उत्तरमा मुख्य न्यायाधिवक्ता सुरेन्द्र कुमार महतोले निषेधाज्ञामा पुनरावेदन लाग्ने तर रिट उपर पुनरावेदन नलाग्ने विशेष परिस्थितिमा जतिसुकै दिनको समयावधि पनि दिने गरिएको तथ्य प्रस्तुत गर्नु भएको थियो।

मधेश प्रदेश सरकारका प्रदेश सचिव (कानून) राजन नेपालले **"कानूनी रायः सिद्दान्त र व्यवहार"** नामक कार्यपत्र मार्फत ऐतिहासिक पृष्ठभूमिमा हालसम्मका संविधान, कानूनी राज्यको अर्थ, अवधारणा, आवश्यक्ता र महत्वका सम्बन्धमा कुनै कानूनी दुविधाको विषयमा सम्बन्धित अधिकार प्राप्त अधिकारीले दिने राय सुझावलाई कानूनी राय भनिन्छ। यसले कानूनी राज्यलाई सशक्त र प्रभावकारी तुल्याउन महत्वपूर्ण भूमिका खेल्दछ। राज्य शक्तिमा हुने अपूरणिय क्षतिलाई कम गर्न यसको भुमिका रहेको, संवैधानिक एंव कानूनी व्यवस्थामा विभिन्न ऐन, नियम र कार्यविधिहरु रहेको कुरा कार्यपत्र मार्फत प्रस्तुत गर्नु भएको थियो। त्यस्तै छलफलको क्रममा सहन्यायाधिवक्ता कोषहरि निरौलाले व्यवहारमा कानून मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय र मुख्य न्यायाधिवक्ताको कार्यालयले कानूनी राय दिने गरेको, मुख्य न्यायाधिवक्ताको कार्यालय वा अन्य मन्त्रालयको हकमा कानून अधिकृत भए सोसँग कानूनी राय माग गर्न सकिने, सरकारी कार्यालय/निकायमा मात्र नभई प्राईभेट क्षेत्रमा समेत कानूनी राय माग गर्ने अभ्यास रहेको, विभाग/मन्त्रालय/निकाय/शाखाले तत् विभाग/मन्त्रालय/निकाय/शाखासँग कानूनी राय माग गर्न सकिने कुरा व्यक्त गर्नु भयो। त्यसै गरी, स्थानीय निकायहरुमा लिखित राय दिंदा आर्थिक अनियमितता जस्ता कुरामा राय दिने व्यक्ति (वकील) कत्तिको जवाफदेही हुन्छ ? भन्ने प्रश्नको उत्तरमा राय भन्ने कुरा बाध्यात्मक हुदैंन र राय दिने व्यक्ति उपर मुद्दा चल्ने र जवाफदेही हुनु पर्ने व्यवस्था रहेको छ। राय दिने व्यक्तिको मनसाय विचार गरिने, कानूनी राय प्राप्त भएकै आधारमा निर्णय गरिनु पर्छ भन्ने हुदैंन, यो राय दिने र लिनेको वैचारिक कुरा हो। मूलतः निर्णय गर्ने अधिकारीले ढाँचा, प्रक्रिया पुऱ्याई कानून सम्मत माग गरिएको विषयमा सम्बन्धित सरोकारवाला पक्षले कानूनी राय प्रदान गर्नु पर्दछ। त्यसैगरी मुख्य न्यायाधिवक्ता सुरेन्द्र कुमार महतोले सो सम्बन्धमा राय माग्दा आफ्नो कार्यक्षेत्रलाई विचार गरिनु पर्ने, विधि सम्मत र कानूनी व्यवस्थालाई आत्मसात गर्नुपर्ने, आफूलाई नाफा र सरकारलाई नोक्सान पुऱ्याउने उद्देश्यले प्रदान गरिने कानूनी रायलाई भ्रष्टाचारको संज्ञा दिइने, कानूनी राय दिने भएकाले पहिलो न्यायाधीश वकील रहेको, गलत राय क्षम्य नहुने व्यवस्था रहेको, राय जो सुकै सँग पनि माग्न सकिने, राय दिएकै कारणले अधिकार प्राप्त अधिकारीले गरेको निर्णयको भागी राय दिने नहुने, विधिको शासनमा स्वेच्छाचारिता

नहुने, साथै राय दिंदा वा लिंदा आधार र कारण स्पष्ट खुलाउनु पर्ने, राय लेख्दा बौद्धिक विचारको प्रयोग गरी जिम्मेवारी ढंगले लेखिनु पर्ने, राय दिने व्यक्तिले आफ्नो बौद्धिकताको प्रयोग गरी कानूनी सुझ बुझको आधारमा कानूनी राय प्रदान गर्नु पर्दछ भन्ने कुरा व्यक्त गर्नु भएको थियो। मधेश प्रदेश सरकारका प्रदेश सचिव राजन नेपालले कानूनी राय दिन संघमा महान्यायाधिवक्ताको कार्यालय, प्रदेशमा मुख्य न्यायाधिवक्ताको कार्यालय रहेको तर स्थानीय तहमा कुनै व्यवस्था नभएको हुंदा प्राइभेट वकील मार्फत कानूनी राय लिई कार्य गर्दा बेरुजु निस्कने समस्या विकराल रहेको कुरामा छलफल गर्नु भएको र उपन्यायाधिवक्ता सुदीपकुमार दंगालले ऐन, नियम, कार्यविधि बनाई त्यसलाई स्पष्ट पारिनु पर्ने, कानूनी राय माग गर्नेले आफ्नो विचार सहित राय माग गर्नुपर्ने कुरा व्यक्त गर्नु भएको थियो।

सिरहा जिल्ला अदालतका जिल्ला न्यायाधीश डा. श्रीप्रकाश उप्रेतीले **"कानूनी सहायताः वर्तमान समस्या र चुनौतीका"** सम्बन्धमा कस्ता मानिसहरुले कानूनी सहायता पाउने र पाउनुपर्ने हो, पाएका छन् वा छैनन्, पाउनुपर्ने आधार र कारणका सम्बन्धमा विस्तृत व्याख्या गर्दै कानूनलाई राज्यको तल्लो तहसम्म पहुँच एवम् जानकार तुल्याउन कानूनी सहायता प्रदान गरिनु पर्दछ। व्यवहारमा सबैले कानून जानेका हुदैंनन् तर कानून सबैले जान्नुपर्छ भन्ने विश्वब्यापी मान्यता र अभ्यास रहेको छ। अदालतले पक्ष र विपक्ष दुवैलाई समानरुपमा हेर्ने, संविधानमा नै सर्वसाधारणले कानूनी सहायता पाउनुपर्ने व्यवस्था गरेको, कुनै कारण गिरफ्तार भएका व्यक्तिलाई कानून व्यवसायी राख्ने मात्र होइन न्यून आय भएका र असमर्थ व्यक्तिलाई निःशुल्क कानूनी सहायता समेत प्रदान गरी न्यायको अनुभूति सुनिश्चित गर्नु राज्यको दायित्व रहेको कुरा कार्यपत्र मार्फत प्रस्तुत गर्नु भएको थियो भने टिप्पणीकर्ता उच्च अदालत जनकपुरका माननीय मुख्य न्यायाधीश श्रीकान्त पौडेलले सहभागीहरुबाट आएका विभिन्न प्रश्नको उत्तर दिनु भएको थियो। यसैगरी सहभागी तर्फबाट आफताब आलमले मानाचामल र घरेलु हिंसाको सम्बन्धमा स्थानीय सरकारमा जाँदा राजनीतिक पकड र विभिन्न कुराले अवरोध हुन्छ र अदालत जाँदा तिनै स्थानीय तहले अवरोध गर्ने गरेको सम्बन्धमा स्थानीय तहको क्षेत्राधिकार भित्र रहेका विषयमा समेत आफू पन्छिने र अदालतमा पठाउने विषयवस्तु उपर विशेष ध्यान दिनु पर्ने अवस्था रहेको कुरा व्यक्त गर्नु भएको थियो। रोहित मण्डलले कारागारमा वैतनिक वकीलको एउटा मोबाईल नम्बर राखिनु पर्ने जसमा फोन गरि सेवा प्राप्त गर्न सजिलो हुन्छ, जसले वैतनिक वकील परिवर्तन हुँदा समेत त्यही नम्बरमा सम्पर्क गरि पुन अर्कोसँग सेवा लिन सहज हुने, जिल्ला अदालतमा वैतनिक वकील राख्दा सिनियरलाई राखे बढी प्रभावकारी हुने र कारागारमा गई सेवा दिंदा सेवा दिनेकै पैसा खर्च हुने जसमा उचित प्रबन्ध गर्दा राम्रो हुने कुरामा जोड दिनु भएको थियो। वरिष्ठ अधिवक्ता मुकेश कुमार कार्कीले अनुसन्धानको सबै कार्य सकिएपछि वकील राखे नराखेको सोधि औपचारिकताको लागि र साक्षीको लागि मात्र वैतनिक वकील राख्ने गरिएको र वैतनिक वकीललाई आदेश दिंदा, पेशीको जानकारी दिंदा मिसिल साथै राखी पठाएमा प्रभावकारी हुने कुरा व्यक्त गर्नु भएको थियो। सहन्यायाधिवक्ता कोषहरी निरौलाले राज्य, प्रदेश तहले प्रदान गरेका वैतनिक, कानूनी सहायता जस्ता

सेवाले प्रोवोनो सेवालाई बाध्यकारी बनाउन नेपाल बार एशोसिएशनले भूमिका खेल्नु पर्ने कुरा बताउनु भयो।

नेपाल बार एशोसिएशन जनकपुरका वरिष्ठ अधिवक्ता मुकेश कुमार कार्कीले **"लिखित जवाफः सिद्दान्त र व्यवहार"** नामक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। कार्यपत्र मार्फत लिखित जवाफको सैद्दान्तिक पाटो, लिखित जवाफ पेश गर्नु पर्ने मुद्दा, रिट निवेदकका सम्बन्धमा हेर्नुपर्ने विषय, लिखित जवाफ तयार पार्दा ध्यान दिनु पर्ने विषयहरु, लिखित जवाफमा देखिने त्रुटीहरुको सम्बन्धमा प्रकाश पार्नु भएको थियो। वहाँले देवानी मुद्दा र दुनियावादी फौजदारी मुद्दाको प्रतिउत्तरपत्र जस्तै रिट निवेदन, निषेधाज्ञा तथा अवहेलना मुद्दामा लिखित जवाफ विपक्षीको प्रतिवादको महत्वपूर्ण लिखित माध्यम भएको, लिखित जवाफ तयार पार्नु पूर्व रिट निवेदन वा उजुरीको अधोपान्त अध्ययन गरी लिखित जवाफ तयार गर्नुपर्ने जसले त्रुटीरहित र रितपूर्वक लिखित जवाफ तयार हुने कुरामा जोड दिनु भएको थियो। त्यसैगरी उक्त कार्यपत्रको टिप्पणीकर्ताको रुपमा रहनु भएको जिल्ला न्यायाधीश डा. श्रीप्रकाश उप्रेतीले सर्वोच्च अदालत आफैंमा अन्तिम र प्रमुख न्याय प्रदान गर्ने अड्डा भएकाले त्यँहा भन्दा छिटो र सरल ढङ्गले उच्च अदालतले सेवा दिन सक्ने, अन्य अधिकार सुनिश्चित गर्ने कुरामा सर्वोच्च अदालत जत्तिकै प्रभावकारी र विश्वसनीय उच्च अदालत रहेको, लिखित जवाफमा विपक्षी बनाउनु पर्ने आधार र कारण समेत खुलाउनु पर्ने, रिटबाट जे आदेश माग गरेको हो, मार्का परे वा नपरेको र कार्यान्वयन गर्न सकिने नसकिने कुरालाई जनाउनु पर्ने, legal political procedure का कुरामा Bridge of Law को भूमिकामा अदालत रहने, लिखित जवाफमा सभ्य, नम्र, शुद्द, स्पष्ट र तार्किक भाषाको प्रयोग गरिनुपर्ने कुरामा जोड दिनु भएको थियो। त्यसैगरी छलफलका क्रममा अफताब आलमले हामीले प्रस्तुत गर्ने बहस नोटलाई अदालतले कुन रुपमा हेर्ने गर्दछ ? वकीलले गरेको बहस निवेदन हो कि होईन ? भन्ने प्रश्नको जवाफमा श्रीप्रकाश उप्रेतीले लिखित बहसनोट मुद्दाको प्रकृति, गम्भिरता र जटिलताको आधारमा, धेरै नजिर प्रस्तुत गरेकोमा न्यायिक कार्यमा सहयोग पुऱ्याउन बहसनोट पेश गरिने र बेन्च परिवर्तन भई रहने भएकाले बहसनोट पेश गरे पनि बहस गर्न पाईने कुरा व्यक्त गर्नु भयो। त्यस्तै राजन नेपालले रिटमा पुनरावेदन म्याद दिनु पर्ने कि नपर्ने ? पुनरावेदन र दोहोऱ्याई पाँउको सम्बन्धका साथै सरोकार नभएका विषयमा लिखित जवाफ पेश गर्नु पर्ने कि नपर्ने ? भन्ने प्रश्नको जवाफमा रिटमा पुनरावेदन नलाग्ने भएकाले दोहोऱ्याई पाँउ भन्ने निवेदन दिनुपर्ने र सरोकार नरहेका विषयमा विपक्षी बनाइएमा सरोकार नरहेको नै भनी लिखित जवाफ पेश गर्नु पर्ने कुरा व्यक्त भएको थियो।

त्यसैगरी छलफलका क्रममा मुख्य न्यायाधिवक्ता सुरेन्द्र कुमार महतोले प्रदेश सरकारका रिटका हकमा रिट निवेदकले उठाएका कुराहरुलाई पर्याप्त मात्रामा खण्डन नहुने, नजीर उल्लेख नहुने, समय सकिने अन्तिम दिन र अपर्याप्त समयमा आईपुग्ने, सम्बन्धित सरोकारवाला निकाय परामर्श, समन्वय र सहकार्यमा नआउने, लिखित जवाफ पेश गरिसकेपछि आफ्नो जिम्मेवारीबाट पन्छिने र टाढिने प्रवृत्ति समस्याको रुपमा

रहेको कुरा व्यक्त गर्नु भयो। अदालतले कसैलाई असर पर्ने गरी फैसला नगर्ने तर राज्यले लिखित जवाफ पेश नगर्दा विभागीय कारबाही समेत हुने गरेको उदाहरण प्रस्तुत गर्नु भयो। बेसरोकारवालालाई विपक्षी बनाउनु भन्दा अगाडी अदालतले सो कुरालाई ध्यान दिनुपर्ने, पक्ष र विपक्ष भन्ने कुरा वकीलको भाषा भएकाले अदालतले फैसलामा पक्ष विपक्षको भाषा प्रयोग गर्नु अनुचित रहेको, रिटले असाधारण कुराहरु बोकेको, लिखित बहसनोटले वकील र अदालत दुवैलाई फैसला गर्न सजिलो हुने, लिखित जवाफ अदालतलाई मद्दत गर्ने Tool को रुपमा रहेको, अदालतले पक्ष र विपक्षले प्रस्तुत गरेको नजीरको खण्डन गर्नुपर्ने र राज्य चिल र जनता चल्ला भएकाले राज्यको आक्रमणबाट जोगाउने माध्यम र काम अदालत रहेको कुरा व्यक्त गर्नु भएको थियो।

**कार्यक्रममा सहभागीहरुको विवरण, प्रकृति र संख्याः**

मिति २०८२।०२।०२ र ०३ गते होटल ग्रीन क्याफे एण्ड बार बारामा मुख्य न्यायाधिवक्ताको कार्यालय, मधेश प्रदेशको आयोजनामा सञ्चालित **"कानूनी राय तथा लिखित जवाफ लेखन सम्बन्धी तालिम, प्रदेश कानूनी सहायता अधिकृतहरुको समिक्षा गोष्ठी तथा यस कार्यालयको योजना तथा समिक्षा"** कार्यक्रमको अध्यक्षता मुख्यन्यायाधिवक्ता श्रीमान् सुरेन्द्र कुमार महतोज्यूले गर्नु भएको थियो। कार्यक्रमको प्रमुख अतिथि उच्च अदालत जनकपुरमा मुख्य न्यायाधीश श्रीकान्त पौडेलज्यू हुनुहुन्थ्यो भने विशेष अतिथिको रुपमा उच्च सरकारी वकील कार्यालयका सह-न्यायाधिवक्ताज्यूहरु, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव (कानून), उच्च अदालत जनकपुर राजबिराज ईजलाशका रजिष्ट्रारज्यू, गृह तथा सञ्चार मन्त्रालयका सचिवज्यू हुनुहुन्थ्यो। त्यस्तै पर्यवेक्षकका रुपमा उच्च अदालतका शाखा अधिकृत, अर्थ मन्त्रालयबाट एक जना, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट एक जना र प्रदेश कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट एज जना आमन्त्रित हुनुहुन्थ्यो। त्यसैगरी  कार्यक्रममा आमन्त्रित पदाधिकारी, प्रशिक्षक, कर्मचारी, सहयोगी, ह.स.चा, प्रहरी/सुरक्षाकर्मी, राष्ट्रिय अनुसन्धानका कर्मचारी, पत्रकार र अन्य गरेर उद्घाटन समारोहमा करिब ७७ जनाको सहभागिता रहेको थियो।

**कार्यक्रमको उपलब्धिः**

लिखित जवाफ तथा कानूनी रायको सैद्धान्तिक र व्यवहारिक पक्षलाई सन्तुलित रूपमा समेट्दा न्यायिक प्रक्रियामा पारदर्शिता, विश्वसनीयता, तथा विधि संगतता सुनिश्चित गर्न सकिन्छ। सही कानूनी लेखनले कानूनी निर्णयमा सहायता पुऱ्याउने मात्र होइन, नीतिगत सुधार तथा न्याय प्राप्तिको मार्ग प्रशस्त गर्नेभएकाले भावी दिनमा लिखित जवाफ तयारी र कानूनी राय माग गर्दा स्तरीय र कानून सम्मत ढङ्गले हुने कुरामा विश्वसत भएको।

## कार्यक्रमको निष्कर्ष तथा सुझावः

मुख्य न्यायाधिवक्ताको कार्यालयले प्रदेश सरकारका मुद्दाहरुको प्रतिरक्षाको सन्दर्भमा भोगेका समस्याहरुको समाधानमा प्रदेशका मन्त्रालय/कार्यालय/विभाग/निकाय/आयोगले सकारात्मक भूमिका खेल्नु पर्ने, प्रदेशका अधिकारको प्रतिरक्षा गर्ने क्रममा आएका समस्याहरुको उचित तरिकाले सम्बोधन गर्दै प्रदेश र स्थानीय सरकारको बीचमा पुलको रुपमा काम गर्नु पर्ने भएकाले ६ वर्षको संघीय अभ्यासको क्रममा गरेको अनुभव, भोगेको समस्याको विषयमा गहन छलफल गरेर परिस्कृत कानूनको निर्माणमा मद्दत पुग्ने देखियो। कानूनी लेखनमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञानको समुचित संयोजन आवश्यक हुन्छ। प्रभावकारी लिखित जवाफले तथ्य, विधि, न्यायिक दृष्टिकोण र व्यावहारिक पक्षलाई समेट्नुपर्छ। कानूनी राय लेख्दा स्पष्टता, प्रमाण, निष्पक्षता तथा प्रभावकारिता सुनिश्चित गरेमा मात्र सही निष्कर्ष निकाल्न सकिन्छ। कार्यक्रममा थप उपस्थिति र थप विषयवस्तु उपर छलफल गराउँदा कार्यक्रम अझ सशक्त र भावी दिनमा कार्य कुशलता प्रासिमा सहज हुने देखिन्छ।

## ३.२ प्रदेश कानूनी सहायता अधिकृतहरुको समिक्षा गोष्ठी (मिति २०८२|०२|०३ र ०४)

### कार्यक्रमको परिचयः

मुख्य न्यायाधिवक्ताको कार्यालयको आयोजनामा मिति २०८२|०२|०२ र ०३ गते बारा जिल्ला स्थित होटल ग्रिन क्याफे एण्ड बारमा प्रदेश कानूनी सहायता अधिकृतहरु सँगको कार्य प्रगति समिक्षा गोष्ठी सम्पन्न भयो। कानूनी राज्यको सिद्धान्त अनुरुप प्रदेश सरकारको अनुभूतिको लागि सबैलाई समान रुपमा न्याय उपलब्ध गराई न्यायमा पहुँच गराउन आवश्यक भएकोले असहाय, अशक्त, नागरिकता विहीन, नाबालक, महिला, दलित, मुस्लिम, आर्थिक र सामाजिक रुपबाट न्यायमा पहुँच नभएका, कानूनी हक हितको संरक्षण गर्न नसक्ने असमर्थ व्यक्तिका लागि कानूनी सहायता उपलब्ध गराउने उद्देश्यले मधेश प्रदेशका हरेक जिल्लामा प्रदेश कानूनी सहायता अधिकृत नियुक्ति गर्ने सम्बन्धमा मधेश प्रदेश स्थित मन्त्रिपरिषद्को बैठकबाट मिति २०७५।०३।११ मा स्विकृत कानूनी सहायता अधिकृतको नियुक्ति तथा सेवा सर्त सम्बन्धी निर्देशिका, २०७५ अनुसार मधेश प्रदेशका ८ वटै जिल्लाहरुमा नियुक्ति हुनु भएको प्रदेश कानूनी सहायता अधिकृतहरुले गर्नुभएको कार्य सम्पादनको विषयमा यस कार्यालयमा चालु आ.व २०८१।८२ का लागि स्विकृत कार्यक्रम अन्तर्गत प्रदेश कानूनी सहायता अधिकृतहरुको कार्य प्रगति समिक्षा गोष्ठी संचालन गरिएको हो। प्रदेश कानूनी सहायता अधिकृतहरुबाट कार्यसम्पादन गरिएको मुद्दाहरुको लगत, विवरण, स्थिती र कार्य सम्पादनका सिलसिलामा आइपरेका कानूनी जटिलता, अन्यौलता, समस्या तथा चुनौतीको बारेमा छलफल गरी आवश्यक निर्देशन, कानूनी एवंम नीतिगत व्यवस्थाको बारेमा जानकारी गराउने र समस्या समाधानका उपायहरुको पहिचान गरी कार्य सम्पादनमा प्रभावकारीता हासिल गर्ने उद्देश्यले यो कार्यशाला आयोजना गरिएको थियो। कार्यशालामा उद्धघाटन सत्र, छलफल सत्र र समापन सत्र गरी तीन खण्डमा कार्यक्रम संचालन गरिएको थियो।

## ३.३ आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रम समीक्षा (मिति २०८२|०२|०३ र ०४)

**कार्यक्रमको उद्देश्य**

आर्थिक वर्ष २०८१/८२ मा मुख्य न्यायाधिवक्ताको कार्यालय, मधेश प्रदेशले आफ्नो उद्देश्य अनुरूप प्रदेश सरकारको कानूनी सल्लाहकार, मुद्दा पैरवीकर्ता र कानूनी सहायता तथा शिक्षाको प्रवर्द्धकका रूपमा गरेका कार्यहरूको समीक्षा गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य हो। यस प्रतिवेदनले विनियोजित बजेटको उपयोगिता, निर्धारित कार्यक्रमहरूको प्रगति र कार्यालयको समग्र कार्य सम्पादनको मूल्याङ्कन गर्ने लक्ष्य राखेको छ।

**प्रमुख उपलब्धिहरू**

१. **वित्तीय व्यवस्थापनः** कार्यालयले यस आर्थिक वर्षमा कुल बजेट रु. ३,४२,००,००० मध्ये रु. १,५०,५२,९९७.८८ खर्च गरेको छ, जुन कुल बजेटको ४४% हो। यसमा चालु खर्च ४७.४५% र पुँजिगत खर्च १८.१५% रहेको छ।

२. **मुद्दा पैरवी र परामर्शः** प्रदेश सरकारको कानूनी सल्लाहकारको रूपमा राय, परामर्श र सुझाव प्रदान गर्ने तथा प्रदेश सरकारको तर्फबाट अदालतमा मुद्दा पैरवी गर्ने कार्यहरू नियमित रूपमा सञ्चालन गरिएका छन्।

३. **कानूनी सहायता र शिक्षाः** कारागार तथा हिरासतको अनुगमन ६ वटै जिल्लामा सम्पन्न भएको छ। यसले विपन्न तथा असहाय व्यक्तिहरूलाई कानूनी सहायता प्रदान गर्ने कार्यालयको जिम्मेवारीलाई आंशिक रूपमा पूरा गरेको देखाउँछ।

४. **अन्तर प्रदेश भ्रमणः** कार्यालयको क्षमता अभिवृद्धि र अन्य प्रदेशका अभ्यासहरूबाट सिक्ने उद्देश्यका साथ कर्णाली, सुदूरपश्चिम र लुम्बिनी प्रदेशको अध्ययन तथा अवलोकन भ्रमण सम्पन्न भएको छ।

**कार्यक्रमको उद्देश्यः**

चालु आ.व २०८१।८२ को वैशाख महिना सम्म प्रदेश कानूनी सहायता अधिकृतहरुबाट कानूनी सहायता उपलब्ध गराउने सिलसिलामा तथा कार्य सम्पादनको सिलसिलामा उनीहरुको कार्यशैलीको जानकारी लिने, उनीहरुलाई आईपरेको समस्याहरुको जानकारी लिने, उनीहरुलाई कार्यस्थलमा रहेका चुनौती र अप्ठ्यारा परिस्थितिहरुको पहिचान गर्ने, त्यसका निराकरणका उपायहरुको सन्दर्भमा सहभागीहरु बिच अन्तरक्रिया संचालन गर्ने र समस्या समाधानका विभिन्न बिकल्पहरुको पहिचान गर्दै सबैभन्दा उत्तम विकल्पको छनौट गरी कानूनी सहायता प्रदान गर्ने कार्यमा प्रभावकारीता हासिल गर्नु नै यस कार्यक्रमको प्रमुख उदेश्य रहेको थियो।

**कार्यक्रम सञ्चालन भएको विधि/प्रक्रियाः**

कार्यक्रममा सहभागी हुनु भएको प्रदेश कानूनी सहायता अधिकृतहरुले कानूनी सहायता प्रदान गरेका मुद्दाहरुको विवरण र लगत प्रस्तुत गर्दै आफूले कार्य सम्पादनका सिलसिलामा आईपरेका समस्या, चुनौतीका बारेमा कार्यालयलाई जानकारी गराई प्रदेश कानूनी सहायता अधिकृतको कार्यालयलाई थप व्यवस्थित बनाउनका लागि आवश्यक भौतिक सेवा सुविधाका सम्बन्धमा समेत आफ्नो प्रस्तुतीकरण पावर प्वाईन्टको माध्यमबाट गर्नु भएको थियो। सहभागीहरुले कार्य सम्पादनको सिलसिलामा आईपरेका कानूनी जटिलताका सम्बन्धमा छलफल तथा अन्तर्क्रियाको माध्यमबाट समाधानका उपायहरुको खोजी गर्ने प्रयास गरिएको थियो भने सहायक न्यायाधिवक्ता श्री मनोहर लम्साल ज्यूले उक्त समस्याको निराकरणका लागि कानूनी व्यवस्थाको सम्बन्धमा प्रस्ट्याउनु भएको थियो। त्यस्तै उहाँले कानूनी सहायता अधिकृतको कार्यालयमा भौतिक सेवा सुविधाका सन्दर्भमा चालु आर्थिक बर्षमा कार्यालयले सम्बोधन गर्न सक्ने सम्भावित कार्य योजनाको बारेमा समेत जानकारी दिनु भएको थियो। त्यस्तै छलफल तथा अन्तक्रियाका क्रममा उठेका जटिल प्रकृतिका समस्याहरुको बारेमा कार्यालय प्रमुख श्री सुदीपकुमार दंगाल ज्यूले आफ्नो धारणा राख्दै विषयवस्तु माथि प्रकाश पार्नु भएको थियो भने अन्त्यमा प्रभावकारी कानूनी सहायता प्रदानका लागि समेत आवश्यक निर्देशन दिनु हुदै समापन गर्नु भएको थियो।

**कार्यक्रममा उपस्थित कर्मचारीहरुको विवरणः**

कार्यक्रमको उदघाटन समारोहमा प्रमुख अतिथिको रुपमा मुख्य न्यायाधीश श्रीकान्त पौडेलज्यूको उपस्थिति रहेको थियो भने कार्यक्रमको विशेष अतिथिमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कानून सचिव, उच्च अदालत जनकपुर राजबिराज ईजलाशका रजिष्ट्रार, नेपाल बार एशोसिएसन जनकपुरका वरिष्ठ अधिवक्ता, सिरहा जिल्ला अदालतका जिल्ला न्यायाधीश, उच्च सरकारी वकील कार्यालय राजविराज, सप्तरीका सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय वीरगंजका सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, जनकपुरका सहन्यायाधिवक्ता रहनु भएको थियो। उदघाटन सत्रको अध्यक्षता मुख्य न्यायाधिवक्ता श्री सुरेन्द्र कुमार महतोज्यूले गर्नु भएको थियो। यस कार्यक्रममा उद्घाटन समारोहमा करिब ७७ जनाको उपस्थिति रहेको थियो।

# निष्कर्ष

- मुख्य न्यायाधिवक्ताको कार्यालय, मधेश प्रदेशको आर्थिक वर्ष २०८१/८२ को कार्यसम्पादन बजेट खर्चको हिसाबले कमजोर देखिएको छ। विशेष गरी पुँजीगत खर्च र कार्यक्रम खर्चमा न्यून प्रगतिले कार्यालयको पूर्वाधार विकास र लक्षित कार्यक्रमहरूको कार्यान्वयनमा शिथिलता रहेको दर्शाउँछ। कम्प्युटर सफ्टवेयर खरीद र भवन संरचनात्मक सुधार जस्ता महत्त्वपूर्ण पुँजिगत योजनाहरूमा बजेट लगभग शून्य खर्च हुनु र कर्मचारी तालिम तथा जनचेतना कार्यक्रमहरू अधुरो रहनु प्रमुख चुनौतीका रूपमा देखा परेका छन्।
- यद्यपि, नियमित प्रशासनिक कार्यहरू र केही अनुगमन तथा भ्रमण सम्बन्धी कार्यक्रमहरू भने सफलतापूर्वक सम्पन्न भएका छन्। समग्रमा, कार्यालयले आफ्नो आधारभूत जिम्मेवारीहरू पूरा गरे पनि बजेटको पूर्ण सदुपयोग र कार्यक्रमिक लक्ष्य हासिल गर्नमा भने चुकेको देखिन्छ।

<u>सुझावहरू</u>

१. **बजेटको पूर्ण उपयोगः** विनियोजित बजेट  खासगरी पुँजिगत र कार्यक्रमका शीर्षकहरूमा आर्थिक वर्षको सुरुदेखि नै योजनाबद्ध रूपमा खर्च गर्ने संयन्त्र विकास गरिनुपर्छ। बजेट फ्रिज हुने अवस्थालाई रोक्न समयमै खरीद तथा कार्यान्वयन प्रक्रिया अगाडि बढाउनुपर्छ।

२. **कार्यक्रमको प्राथमिकता निर्धारणः** कर्मचारी तालिम, कानूनी सहायता अधिकृतहरूको गोष्ठी  र जनचेतना अभिवृद्धि जस्ता महत्त्वपूर्ण कार्यक्रमहरूलाई उच्च प्राथमिकतामा राखी कार्यान्वयनको सुनिश्चितता गर्नुपर्छ।

३. **प्रशासनिक र कानूनी प्रक्रियामा सुधारः** बजेट खर्च हुन नसक्नुको कारण पहिचान गरी सोही अनुरूप प्रशासनिक र कानूनी प्रक्रियाहरूलाई सरलीकरण गर्न पहल गर्नुपर्छ।

४. **अनुगमन र मूल्याङ्कनको प्रभावकारिताः** आन्तरिक अनुगमन र मूल्याङ्कनलाई अझ बढी प्रभावकारी बनाउनुपर्छ। यसबाट खर्चको अवस्था र कार्यक्रमको प्रगतिबारे समयमै जानकारी प्राप्त भई आवश्यक सुधार गर्न सकिन्छ।

## ३.४ उच्च अदालतको असाधारण क्षेत्राधिकारको प्रयोग र उच्च अदालतबाट भएका आदेश/फैसलाहरुको कार्यान्वयनको विषयक छलफल तथा अन्तर्क्रिया कार्यक्रम (मिति २०८२।०३।१३ र १४ गते)

**संचालित कार्यक्रमको पृष्ठभूमि, परिचय तथा उद्देश्यः**

नेपालको संविधान अनुसार उच्च अदालतले असाधारण क्षेत्राधिकार प्रयोग गरी नागरिकको मौलिक हकको संरक्षण गर्ने, न्यायिक समीक्षाको माध्यमबाट अन्य निकायको गतिविधिमा सन्तुलन कायम गरेर विधिको

शासन सुनिश्चित गर्ने भूमिकामा क्रियाशील रहन्छ। तर, व्यवहारमा असाधारण क्षेत्राधिकार प्रयोगको सीमा, प्रभावकारिता तथा अदालतका आदेशहरूको कार्यान्वयनको अवस्थामा विविध चुनौतीहरु देखा परिरहेको छ। यो सन्दर्भमा न्यायाधीश, कानुन व्यवसायी, न्याय प्रशासनमा संलग्न निकायहरू र नागरिक समाजबीच बहस तथा समन्वय आवश्यक ठान्दै दुई दिवसीय कार्यक्रम आयोजना गरिएको हो। विगतमा पनि यस कार्यालयले यस्तै प्रकृतिको कार्यक्रमहरु सञ्चालन गरेको र कार्यक्रम सञ्चालन पश्चात क्षेत्राधिकारका विषय र उच्च अदालतबाट भएका आदेश/फैसला कार्यान्वयनमा प्रभावकारी भूमिका खेलेको हुँदा आगामी दिनमा यस कार्यक्रमबाट सो सम्बन्धमा देखिएका जटिलता र भोग्नुपरेका समस्याहरुको सम्बन्धमा निष्कर्षमा पुग्न सकिने विश्वासका साथ कार्यक्रम सञ्चालन गरिएको थियो।

असाधारण क्षेत्राधिकार भनेको के हो? भन्ने विषयमा सहभागीहरूबीच साझा बुझाइ विकास गर्नु, संविधानको धारा अन्तर्गत उच्च अदालतलाई प्रदान गरिएका विशेष अधिकारहरूको व्याख्या, उच्च अदालतहरूले हालसम्म प्रयोग गरेको असाधारण क्षेत्राधिकारका उदाहरणहरूको विश्लेषण, फैसलाहरू तथा आदेशहरूको कार्यान्वयनको अवस्था कस्तो छ भन्ने बारे तथ्यमा आधारित छलफल, आदेश/फैसला कार्यान्वयनमा देखिएका संरचनागत, कानुनी तथा संस्थागत अवरोधहरू पहिचान गर्नु, अदालतका आदेशको उपेक्षा वा ढिलासुस्ती हुने कारणहरूबारे बहस गर्नु, न्यायपालिका, कार्यपालिका र अन्य निकायबीचको दायित्व र भूमिकाको सम्बन्धमा समन्वय सुधार गर्ने उपाय खोज्नु, आदेश/फैसला कार्यान्वयन सुनिश्चित गर्न सम्बन्धित निकायबीच संचार र सहयोगको सुदृढीकरण, असाधारण क्षेत्राधिकार प्रयोग गर्दा अपनाउनु पर्ने मापदण्डहरूबारे मस्यौदा तयार गर्न उत्प्रेरित गर्नु, आदेश कार्यान्वयन प्रक्रियामा पारदर्शिता र जवाफदेहिताको सुनिश्चितता कायम गर्न कानुनी सुधारहरूको पहिचान गर्नु, न्यायाधीश, कानून व्यवसायी, तथा कार्यान्वयन निकायहरूका पदाधिकारीहरूको क्षमता वृद्धि गर्न आवश्यक तालिम र स्रोतहरूको पहिचान गर्नु, अदालतका आदेशहरूको प्रभावकारी कार्यान्वयनका लागि प्रविधिको प्रयोग र डिजिटल अभिलेखीकरणको प्रवर्द्धन, नागरिक समक्ष न्यायालयका निर्णयहरूको महत्व र अधिकारप्रति जागरुकता फैलाउने रणनीतिबारे छलफल, जनताको विश्वास जित्न न्यायपालिकाले खेल्नुपर्ने भूमिकाको पुनरावलोकन, असाधारण क्षेत्राधिकारको प्रयोगको वर्तमान अवस्था मूल्यांकन गर्नु, उच्च अदालतको आदेश तथा फैसलाको कार्यान्वयनमा देखिएका चुनौतीहरू पहिचान गर्नु, विधिको शासनमा न्यायपालिकाको प्रभावकारिता प्रवर्द्धन गर्ने सुझावहरू संकलन गर्नु, नीतिगत तथा व्यावसायिक सुधारका लागि सिफारिस तयार गर्नु, विभिन्न सरोकारवालाहरू बीच सहकार्य र संवाद सुदृढ गर्नु कार्यक्रमको उद्देश्य रहेको थियो।

कार्यक्रम संचालन भएको विधि र प्रकृयाः

कार्यक्रम छलफल, अन्तर्किया, प्रवचन तथा कार्यपत्र प्रस्तुतीकरणको माध्यमबाट संचालन गरिएको थियो। ५ वटा कार्यपत्र र २ वटा प्रवचन मार्फत उल्लेखित उदेश्यहरु पुरा गर्न आवश्यक पर्ने विषयबस्तुहरु समेटी कार्यक्रम संचालन गरिएको थियो। जसमध्ये “रिट सम्बन्धी अवधारणा र अभ्यासः सामान्य जानकारी” सम्बन्धमा उच्च अदालत जनकपुर अस्थायी इजलास विरगंजका माननीय न्यायाधीश श्री हरि

प्रसाद पौडेलले "रिट अधिकारक्षेत्रको अभ्यास, कार्यान्वयनको अवस्था र चुनौतीहरु" का विषयमा उच्च अदालत जनकपुर राजविराज इजलासका माननीय न्यायाधीश श्री नारायण प्रसाद सुवेदीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। त्यस्तै "रिट क्षेत्राधिकारबाट जारी भएका आदेश कार्यान्वयनका सम्बन्धमा देखिएका समस्या तथा अपेक्षा" विषयक कार्यपत्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश, जनकपुरधामका कानून सचिव श्री राजन नेपालले उच्च अदालत जनकपुरमा "रिट र निषेधाज्ञाः अभ्यास र प्रवृति" सम्बन्धमा उच्च अदालत जनकपुरका माननीय न्यायाधीश श्री नरिश्वर भण्डारीले प्रस्तुत गर्नु भएको थियो। त्यसैगरी "उच्च अदालतको असाधारण अधिकारः संवैधानिक व्यवस्था र व्यवहारः अन्तरिम आदेशबाट पर्ने प्रभाव तथा अपेक्षा" सम्बन्धमा माननीय मुख्य न्यायाधिवक्ता श्री सुरेन्द्र कुमार महतोज्यूले कार्यपत्र गर्नु भएको थियो। उल्लेखित कार्यपत्रहरु प्रस्तुत र छलफलको क्रममा उठेका प्रश्नहरुको सवाल जवाफ तथा छलफल कार्यक्रमा भएको थियो। उच्च अदालतको क्षेत्राधिकार र फैसला कार्यान्वयनको सम्बन्धमा वर्तमान अवस्था, देखिएका समस्या, सुधारका उपाय र अबको बाटोको सम्बन्धमा समेत कार्यक्रममा छलफल तथा अन्तर्क्रिया गरिएको थियो।

उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजका माननीय न्यायाधीश श्री हरि प्रसाद पौडेलले रिट निवेदनको अर्थ र सीमाहरु, रिटसँग सम्बन्धित मूलभूत सिद्धान्तहरु, रिटको सुनुवाई, अन्तरिम आदेश र अन्तरकालिन आदेश, रिट जारी हुने सामान्य अवस्था र रिट खारेज हुने सामान्य अवस्था, उच्च अदालतको रिट अधिकारको स्रोत, सर्वोच्च अदालत र उच्च अदालतको रिट अधिकारमा फरकपन, सर्वोच्च अधिकारको व्याख्या, विवादका विषय र चुनौतीहरु र अबको बाटो, हाम्रो भुमिका, अपेक्षित मामिलाहरुको सम्बन्धमा कार्यपत्र मार्फत प्रस्ट पार्नु भएको थियो। उँहाले सर्वोच्च अदालतले नेपालभित्रको कुनैपनि निकाय वा अधिकारीको नाममा आदेश जारी गर्न सक्छ भने उच्च अदालतको हकमा कम्तीमा पनि मूल रुपमा निर्णय गर्ने र आदेश कार्यान्वयन गर्ने अधिकारी सो अदालतको प्रादेशिक क्षेत्राधिकारभित्रको हुनु आवश्यक हुन्छ। तथापी संविधानमा स्पष्ट सो सीमा कोरिएको छैन तर यो न्यायिक अनुशासन र मर्यादाको विषय रहेको साथै यसलाई नाघ्दा न्यायिक अराजकताको सृजना हुन्छ भन्ने कुरालाई उच्च अदालतले बिर्सन नमिल्ने कुराहरुका साथै विवादका विषय र चुनौतीहरुमा रिटको अवधारणा र प्रयोगमा प्रादेशिक क्षेत्राधिकार सैद्धान्तिक अस्पष्टता रहेको स्थिति, जुनसुकै विवाद पनि अदालतमा लगि सामाधान खोज्ने प्रवृति, रिट र सामान्य मुद्दा बिचको भिन्नता समेत कतिपय अवस्थामा छुट्टिएको नदेखिने स्थिति, वैकल्पिक उपचारको मान्यताको अभ्यासमा पर्याप्त विरोधाभासको स्थिति, रिटले समान तहको साधारण क्षेत्राधिकारलाई नियन्त्रण र निस्तेज गरिरहेको स्थिति, अन्तरिम आदेशको सम्बन्धमा विवादको स्थिति, अदालतको आदेश र फैसलाको प्राज्ञिक विवेचना र विश्लेषण गर्ने थलोको अभाव र समस्याहरुमा शिक्षकहरुको विभागीय सरुवा, बढुवा सम्बन्धमा प्रशासकीय अदालतमा पुनरावेदन लाग्ने व्यवस्था भएकोमा सिधै अदालत प्रवेश गर्ने गरेको, संस्था दर्ता ऐन, २०३४ अन्तर्गत दर्ता भएका संघ, संस्थाको

निर्वाचनका विषयमा सिंधै अदालतमा रिट निवेदन लिएर आउने गरेको, मुद्दाको कामकारबाहीको सिलसिलामा तल्लो अदालतबाट भएका आदेश उपर चित्त नबुझ्ने पक्षले त्यस्तो आदेश भएको मितिले १५ दिनभित्र पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्नेछ भन्ने कानूनी व्यवस्था भएकोमा सोको प्रयोग नगरी सिधै निषेधाज्ञा/परमादेश/उत्प्रेषणको रिट निवेदन लिएर आउने गरेको, निषेधाज्ञा सहित रिट जस्तो उत्प्रेषण परमादेशको रिटसँग जोडेर आएको अवस्थामा के गर्ने, प्रमुख प्रशासकिय अधिकृत तोक्ने व्यवस्था मन्त्रालयलाई भएको प्रशासकीय अधिकृतको रुपमा काम गर्न मन्त्रालयले खटाएकोमा कार्यरतले रिट लिएर आउने गरेको हेर्ने कि नहेर्ने जस्ता विषयवस्तुलाई समस्याको रुपमा राख्दै अबको बाटोमा अदालतका फैसला र आदेशको प्राज्ञिक विवेचना र विश्लेषण गर्ने पद्दतिको शुरुवात, निरन्तर छलफल र संवाद र उच्च अदालतको प्रादेशिक क्षेत्राधिकारको विषयमा स्पष्टताको जरुरी रहेको कुरा आफ्ना कार्यपत्र मार्फत प्रस्तुत गर्नु भएको थियो।

यसैगरी उच्च अदालत जनकपुर राजविराज इजलासका माननीय न्यायाधीश श्री नारायण प्रसाद सुवेदीले राजविराज इजलासमा रिटको संख्यात्मक अवस्थामा आ.व. २०८१/०८२ मा नँया दर्ता १३२९, जम्मा २२४४, फर्छ्यौट १७४३, बाँकी ५०१, फर्छ्यौट प्रतिशत ७८%, जम्मा मुद्दा संख्या ६९२२ जसमा रिटको प्रतिशत ३१.३२% जसमा- उत्प्रेषण-२५९, परमादेश-७४२, अधिकारपृच्छा-८, प्रतिषेध-६, बन्दी प्रत्यक्षीकरण-३१, मिश्रित-१५७, निषेधाज्ञा-१२०३ रहेको कुरा आफ्नो कार्यपत्र मार्फत प्रस्तुत गर्नु भएको थियो। उँहाले रिटका प्रकारहरुका आधारमा रिट निवेदनहरुमा माग हुने गरेका मुख्य विषयवस्तुहरुलाई स्पष्ट रुपमा व्याख्या गर्दै रिट अधिकार क्षेत्रको अभ्यासमा देखिएका चुनौतीहरु, कार्यान्वयनको चुनौती, कार्यान्वयन संयन्त्रको साथै आगामी दिनमा रिट निवेदनको कार्यान्वयनमा देखिएका चुनौतीलाई समाधान गर्न सरोकारवाला निकाय बीच संवाद र छलफल, अदालतको आदेशको पालना गर्ने परिपाटी वा संस्कारको विकास, परस्पर समन्वय र सहयोग, प्रतिशोध साँध्न रिटमा प्रवेश गर्ने र विकास निर्माणका कार्यमा पुर्वाग्रहपूर्ण अवरोध सृजना गर्न खोज्ने प्रवृति रोक्न प्रदेश र स्थानीय तहबाट चेतनामुलक कार्यक्रम सञ्चालन, स्थानीय तहले बनाएको कानून, संविधान, संघीय कानून र प्रदेश कानूनसँग बाँझिएको विषय हेर्ने अधिकार उच्च अदालतलाई हुनुपर्ने कुरामा जोड दिनु भएको थियो।

यसैगरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कानून सचिव श्री राजन नेपालले मधेश प्रदेश सरकारको गठन, मधेश प्रदेशमा रहेका न्यायिक निकायहरु र मधेश प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश, जनकपुरधाम विपक्षी भएका रिट नं. ०७९-WC-००८८, ०८०-WO-१९९४, ०७६-WC-०००९, ०८१- WO-०३३३, ०७९-CP-३३८७, ०७९-CP-३३८६, ०७९-CP-३४२७, ०७९-CP-३४२८, ०८१-WO-१०५२ का सम्बन्धमा विभिन्न अदालतबाट भएका आदेश, द्विधाको विषयका सम्बन्धमा छलफल गर्दै मुख्यमन्त्री कार्यालयबाट भएको कार्य, उच्च अदालत

जनकपुरबाट भएको आदेशका साथै उत्पन्न समस्याहरुको बारेमा कार्यपत्र मार्फत प्रस्तुतीकरण गर्नु भएको थियो।

कार्यक्रममा उच्च अदालत जनकपुरका माननीय न्यायाधीश श्री नरिश्वर भण्डारीले विगत ५ वर्षको रिटको दर्ता र फर्छ्यौटको तुलनात्मक विवरण, रिट दर्ता, प्रारम्भिक सुनुवाई, अन्तरिम आदेश जारी हुने वा नहुने आधार र कारण, आदेशमा आधार र कारणको उल्लेख, प्रमाण बुझ्ने प्रक्रिया, अन्तिम सुनुवाई, आदेशको कार्यान्वयन, प्रवृतिहरु, दायर भएका रिट र निषेधाज्ञाको प्रकृति, रिटको प्रकृति, वैकल्पिक उपचार र करारीय दायित्वको प्रश्न, प्रादेशिक क्षेत्राधिकारको विषयहरुमा विस्तृत रुपमा व्याख्या गर्नु भएको थियो। उँहाले समस्याहरुका साथै सुधारका क्षेत्रहरुमा चर्चा गर्दै निषेधाज्ञा र रिटलाई हालसम्म एउटै छाताभित्र हेरिएको छ। छुट्टाछुट्टै कार्यविधिबाट हेर्न उपयुक्त हुने हो कि ? यदी एकै कार्यविधिमा जाने हो भने उच्च अदालत नियमावलीमा निषेधाज्ञाले यथोचित स्थान पाउनु पर्ने हुन्छ। निषेधाज्ञा र अन्य रिटको लिखतको मस्यौदा पनि फरक ढंगले गर्नु पर्ने अवस्था छ। यसका लागि कर्मचारी र कानून व्यवसायीलाई यथोचित प्रशिक्षणबाट सीप हस्तान्तरण गर्न जरुरी रहेको, रिट र निषेधाज्ञामा विपक्षीलाई झिकाउने म्यादको अवधिका बारेमा कतै सम्बोधन नभएको, अभ्यास मात्र रहेको, कानूनमा नै तोक्न मनासिब हुने कुरा कार्यपत्र माफर्त प्रस्तुत गर्दै सुधारका क्षेत्रमा आदेशका आधिकारिक सरंचनामा एकरुपता कायम हुनु पर्ने, उच्च अदालत नियमावलीमा रिट फिर्ता लिने वा तारिख नगुजारी निवेदकले निवेदन दिई तामेलीमा राख्ने व्यवस्थालाई नियमावलीमा राख्नु पर्ने, अन्तरिम आदेशका सम्बन्धमा नियमावलीमा रहेका कार्यविधि र देवानी कार्यविधि संहितामा रहेको कार्यविधि समान रहेकोमा यसको प्रयोगमा स्पष्ट हुनुका साथै रिट र निषेधाज्ञाका निवेदनमा अदालतबाट भएका अन्तरिम र अन्तिम आदेशको कार्यान्वयन गर्ने जिल्ला अदालतमा जस्तो संयन्त्र उच्च अदालतमा नरहेकोले र यसलाई स्थापित र विकसित गर्नु पर्ने कुरामा जोड दिनु भएको थियो।

मधेश प्रदेशका माननीय मुख्य न्यायाधिवक्ता श्री सुरेन्द्र कुमार महतोले उच्च अदालतको असाधारण अधिकार (नेपालको संविधानको धारा १४४) को व्याख्या गर्दै प्रदेशमा सरकारसँगको मुख्य विवाद, वैकल्पिक उपचारको उपलब्धता, मधेश सरकारले सुधार गर्न देखा परेका मुख्य विषयहरु, सरकारको लिखित जवाफ, अन्तरिम आदेश, अन्तरिम आदेशको अवस्था, अन्तरिम आदेशको प्रकार, केहि दृष्टान्तहरुलाई आफ्नो कार्यपत्र मार्फत प्रस्तुत गर्दै वैकल्पिक उपचारको सम्बन्धी नजीर, वैकल्पिक उपचारको अपवाद, अन्तरिम आदेशको प्रभावका साथै केहि छलफलका विषयवस्तुहरु राख्नु भएको थियो। जसमा,- वैकल्पिक उपचारको सिद्दान्त उच्च अदालतले अवलम्बन गर्नुपर्ने नपर्ने? सरुवा र काजमा आधारभूत भिन्नता रहेको छ छैन? अन्तरिम आदेशले अपूरणीय क्षतिको सम्बन्धमा ध्यान दिनु पर्ने नपर्ने? सुविधाको सन्तुलनको सम्बन्धमा आधार र कारणको उल्लेख, सरकारको सञ्चालनको विषयमा अदालतको हस्तक्षेपको विषय, कर्मचारी सरुवाको विषयमा प्रशासकिय अदालत जानु पर्ने नपर्ने जस्ता यावत् कुराहरु

राख्दै राज्यको सबै अंगले विधिको शासनको पालना गर्नुपर्ने एउटाले अर्कोको काममा अनुचित हस्तक्षेप गर्न नहुने र आ-आफ्नो सिमामा रहि आ-आफ्नो कार्यहरु गर्नुपर्ने कुराहरु व्यक्त गर्नुभयो।

सर्वोच्च अदालतका न्यायाधीश हरि प्रसाद फुयालले रिट र रिटका क्षेत्राधिकारको व्याख्या गर्दै रिट भिन्नै किसिमले प्रवेश गरेको र सरकारमा रिट नलाग्ने भन्ने हुदैंन भन्दै मौलिक हक समेतको बारेमा व्याख्या गर्नु भयो। उँहाले अदालतले सरकार चलाउनु स्वाभाविक रहेको भन्दै सरकार चल्दा संविधान, कानून, ऐन, नियम बमोजिम चल्नुपर्ने, अदालतले गर्ने आदेश र निर्णयमा न्यायाधीशको विवेक सम्मत र न्यायिक सिद्धान्तमा केन्द्रित भई गर्ने गरिएको, न्यायाधीशले मुद्दा आई सकेपछि जति सक्दो चाँडो किनारा लगाउनुपर्ने, प्रत्येक मन्त्रालय र सम्बन्धित निकायले लिखित जवाफ लेखि सकेपछि मुख्य न्यायाधिवक्ताको कार्यालयमा रुजु गरी नियमानुसार दर्ता गर्नुपर्ने र यसरी गएका मुद्दाको सन्दर्भमा अदालतले विशेष प्राथमिकताको आधारमा निर्णय गर्ने, Rule of Law को Pillar का रुपमा मुख्य न्यायाधिवक्ताको कार्यालय रहेको कुरा व्यक्त गर्नुभयो। त्यसैगरी मुख्य न्यायाधिवक्ताको संयोजकत्वमा फैसला कार्यान्वयन इकाई गठन गर्नुपर्ने, प्रशासकिय अदालतमा सरुवा, काज, बढुवाको विषयमा Practical Problem रहेको, सरुवाको विषयमा कर्मचारीको व्यक्तिगत, पारिवारिक आदि सुविधा, वृत्ति विकासको सिद्दान्त र कानूनको परिपालनाको सिद्दान्त जस्ता कुरालाई समेत न्यायाधीशले हेर्ने गरेको, न्यायाधीशले आधार, कारण र संविधानको व्याख्या गर्ने, फैसलाको स्पष्ट आधार र कारण खुलाउनुपर्ने साथै विस्तृतिकरण गरिनुपर्ने कुरा जोड दिनुभयो। त्यस्तै कर्मचारी सरुवाको अन्तरिम आदेश प्रशासकिय अदालतबाट जारी नहुने, असुविधा प्रति रिट आकर्षित भई उच्च अदालतमा दर्ता हुने गरेका कुराहरुलाई समेत आफ्ना कार्यपत्र मार्फत प्रस्तुत गर्नु भएको थियो।

सर्वोच्च अदालतका न्यायाधीश कुमार रेग्मीले कुनै व्यक्तिले अन्यायमा परि आएको भन्दा अदालतले हेर्नुपर्ने तर यसो भन्दैमा सबै हेर्नुपर्छ भन्ने नरहेको, यसको विषयमा अदालतको क्षेत्राधिकार तोकिएको, स्पष्ट कानूनी प्रावधान रहेको र त्यसै अनुरुप गर्नुपर्ने, संविधान जति संशोधन हुँदै गएको छ, त्यति नागरिकका अधिकार थपिने र क्रमश मुद्दाको संख्या वृद्दी हुँदै गएको छ। उँहाले संविधानको धारा १४४ (२) को सम्बन्धमा जुनसुकै रिपोर्टका आदेश जारी गर्ने अधिकार उच्च अदालतलाई हुने हुँदा उच्च अदालतले आदेश र कार्यान्वयन गर्ने कुरा व्यक्त गर्नु भयो। त्यस्तै व्यक्तिलाई मार्का पर्ने कुरामा अदालतले चासो नदिंदा डिजिटल युगमा विवाद सिर्जना हुने र अनेक प्रश्न उठ्न सक्ने हुँदा अदालतले सो विषयमा हेर्ने गरेको कुरा समेत व्यक्त गर्नु भयो। आदेश जारी हुँदा दुवै पक्षलाई क्षति नहुने हुँदा एक पक्षले ढाँटेका कुरालाई अन्तरिम आदेश छलफलका क्रममा बोलाउँदा सत्य, तथ्य स्पष्ट हुने हुनाले अन्तरिम आदेश जारी गर्दा कानूनी शासनमा प्रभावकारिता आउने, एकल इजलासबाट जारी भएका आदेशले अदालतलाई बदनाम गराउने कार्य भएको हुँदा सो सम्बन्धमा न्यायाधीशले विचार गर्नुपर्ने, विपक्षीलाई मार्का र क्षति भएको खण्डमा कागजात गराई मात्र अन्तरिम आदेश जारी गर्दा राम्रो हुने, रिटमा सम्बद्ध र मुख्य कुरा समावेश

गर्नु पर्ने, छलफलमा दुवै पक्षलाई समावेश गराई मात्र अन्तरिम आदेश जारी गर्नुपर्ने, फैसला कार्यान्वयनमा उच्च अदालतको प्रभावकारी व्यवस्था नहुँदा त्यस सम्बन्धमा विचार गर्नुपर्ने, धारा ५७ को विषयमा प्रदेशले जागरुकता र चासो देखाई अभ्यास गर्नुपर्ने, सार्वजनिक सरोकारका विषयमा समाचार, लेख, रिपोर्ट आदीका आधारमा रिट हाल्नु पर्ने जसको अभ्यास भारतले गरि रहेको कुरा समेत व्यक्त गर्नुभयो। वैकल्पिक उपचार प्रभावकारी थियो, थिएन? त्यो उपचार प्राप्त गर्न प्रयास गरियो गरिएन? भन्ने कुरामा जोड दिनु भयो। अन्त्यमा, अदालत समक्ष पीर मार्का परि अन्यायमा परि सबै ढोका बन्द भएपछि अन्तिम विकल्पको रुपमा पुगिने भएकाले त्यसको उचित सम्बोधन गरी न्याय निरुपण गरिनु पर्ने कुरा कार्यपत्र मार्फत व्यक्त गर्नु भयो।

**कार्यक्रमको सहभागीहरुको प्रकृति र संख्याः**

मिति २०८२।०३।१३ र १४ गते होटल रोयल प्यालेस प्रा.लि.जनकपुरमा मुख्य न्यायाधिवक्ताको कार्यालय मधेश प्रदेशको आयोजनामा सञ्चालित "उच्च अदालतको असाधारण क्षेत्राधिकारको प्रयोग र उच्च अदालतबाट भएका आदेश/फैसलाहरुको कार्यान्वयनको विषयक छलफल तथा अन्तर्क्रिया कार्यक्रम "२ (दुई) दिवसिय आवासिय कार्यक्रमको अध्यक्षता मुख्य न्यायाधिवक्ता श्रीमान् सुरेन्द्र कुमार महतोज्यूले गर्नु भएको थियो। कार्यक्रमको प्रमुख अतिथि सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री कुमार रेग्मीज्यू हुनुहुन्थ्यो भने विशेष अतिथिको रुपमा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री हरिप्रसाद फुयालज्यू हुनु हुन्थ्यो। त्यस्तै उच्च अदालत जनकपुरका माननीय कायम मुकायम मुख्य न्यायाधीश महेन्द्रनाथ उपाध्याय, मधेश प्रदेशका प्रमुख सचिव श्री मदन भुजेल, उच्च अदालत जनकपुर राजविराज इजलासका मुख्य भई काम गर्ने माननीय न्यायाधीश श्री बामदेव ज्ञवाली, उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजका मुख्य भई काम गर्ने माननीय न्यायाधीश श्री गोकर्ण डाँगी, उच्च अदालत जनकपुर, राजविराज इजलास र अस्थायी इजलास वीरगंजका सम्पूर्ण माननीय न्यायाधीशहरु, उच्च अदालतका रजिष्ट्रारहरु, उच्च सरकारी वकील कार्यालयका सह-न्यायाधिवक्ताहरु, प्रदेश मन्त्रालय तथा आयोगका सचिवहरु, प्रहरी नायब महानिरीक्षक, नेपाल बार एशोसिएसन जनकपुर, राजविराज र वीरगंजका वरिष्ठ अधिवक्ता एंव अधिवक्ताहरु, मधेश प्रदेशका विभिन्न मन्त्रालय एंव सचिवालयमा कार्यरत कानून अधिकृतहरु, प्रदेश कानूनी सहायता अधिकृतहरु र कार्यालयका कर्मचारीहरु कार्यक्रममा सहभागी रहनु भएको थियो। त्यसैगरी कार्यक्रममा आमन्त्रित पदाधिकारी, प्रशिक्षक, कर्मचारी, सहयोगी, ह.स.चा, प्रहरी, सुरक्षाकर्मी र अन्य गरेर उद्घाटन समारोहमा करिब १५० जना जनाको सहभागिता रहेको थियो।

**कार्यक्रमको उपलब्धिः**

मुख्य न्यायाधिवक्ताको कार्यालय मधेश प्रदेशद्वारा आयोजित दुई दिवसीय "**उच्च अदालतको असाधारण क्षेत्राधिकारको प्रयोग र उच्च अदालतबाट भएका आदेश/फैसलाहरूको कार्यान्वयन विषयक छलफल तथा अन्तर्क्रिया कार्यक्रम**"ले न्यायिक प्रक्रियामा देखिएका विभिन्न चुनौतीहरूलाई सम्बोधन गर्न र

सरोकारवालाहरू बीच समन्वय बढाउन महत्वपूर्ण उपलब्धिहरू हासिल गरेको छ। यस कार्यक्रमका मुख्य उपलब्धिहरू निम्नानुसार रहेका छन्:

- ❖ असाधारण क्षेत्राधिकारमा साझा बुझाइको विकासः कार्यक्रमले सहभागीहरू बीच असाधारण क्षेत्राधिकारको अवधारणा, यसको सीमा र प्रयोगका आधारहरू बारे साझा बुझाइ विकास गर्न मद्दत पुऱ्यायो। न्यायाधीश, कानुन व्यवसायी, र न्याय प्रशासनमा संलग्न निकायका प्रतिनिधिहरू बीच यस विषयमा समान दृष्टिकोण बनाउन सफल भयो।
- ❖ संवैधानिक अधिकारको विस्तृत व्याख्याः नेपालको संविधानको धारा १४४ अन्तर्गत उच्च अदालतलाई प्रदान गरिएका विशेष अधिकारहरूको गहन व्याख्या गरियो। कार्यपत्र प्रस्तुतीकरण र छलफलका माध्यमबाट यी अधिकारहरूको सैद्धान्तिक र व्यावहारिक पक्षहरूमाथि प्रकाश पारियो, जसले न्यायिक अभ्यासलाई थप स्पष्ट बनाउन सहयोग गर्‍यो।
- ❖ क्षेत्राधिकारको प्रयोग र चुनौतीहरूको विश्लेषणः उच्च अदालतहरूले हालसम्म प्रयोग गरेको असाधारण क्षेत्राधिकारका उदाहरणहरूको विश्लेषण गरियो। यसबाट रिटको बढ्दो संख्या, प्रादेशिक क्षेत्राधिकारमा अस्पष्टता, र वैकल्पिक उपचारको प्रयोगमा देखिएका विरोधाभास जस्ता व्यवहारिक चुनौतीहरू पहिचान गर्न सकियो।
- ❖ आदेश/फैसला कार्यान्वयनमा देखिएका समस्याहरूको पहिचानः कार्यक्रमले अदालतका आदेश र फैसलाहरूको कार्यान्वयनको वर्तमान अवस्थाबारे तथ्यमा आधारित छलफल गर्‍यो। कार्यान्वयनमा देखिएका संरचनागत, कानुनी र संस्थागत अवरोधहरू स्पष्ट रूपमा पहिचान गरियो। जसमा आदेशको उपेक्षा वा ढिलासुस्तीका कारणहरू पनि समावेश थिए।
- ❖ न्यायपालिका र अन्य निकायबीच समन्वय सुधारका उपायः न्यायपालिका, कार्यपालिका र अन्य निकायबीचको दायित्व र भूमिकाको सम्बन्धमा समन्वय सुधार गर्ने उपायहरू खोजियो। आदेश/फैसला कार्यान्वयन सुनिश्चित गर्न सम्बन्धित निकायबीच संचार र सहयोगको सुदृढीकरणमा जोड दिइयो जसले भविष्यमा अन्तर निकाय समन्वयका लागि मार्ग प्रशस्त गर्‍यो।
- ❖ नीतिगत र व्यावसायिक सुधारका लागि सिफारिसः कार्यपत्र प्रस्तुतीकरण र सामूहिक छलफलबाट असाधारण क्षेत्राधिकार प्रयोग गर्दा अपनाउनु पर्ने मापदण्डहरूको मस्यौदा तयार गर्न उत्प्रेरित गरियो। यसका साथै आदेश कार्यान्वयन प्रक्रियामा पारदर्शिता र जवाफदेहिताको सुनिश्चितता कायम गर्न आवश्यक कानुनी सुधारहरू पनि पहिचान गरियो। जसमा उच्च अदालत नियमावलीमा निषेधाज्ञा र रिटका लागि छुट्टा-छुट्टै कार्यविधि वा यथोचित स्थानको आवश्यकता माथि जोड दिइयो।
- ❖ क्षमता अभिवृद्धि र प्रविधि प्रयोगमा जोडः न्यायाधीश, कानुन व्यवसायी तथा कार्यान्वयन निकायहरूका पदाधिकारीहरूको क्षमता वृद्धि गर्न आवश्यक तालिम र स्रोतहरूको पहिचान गरियो।

साथै अदालतका आदेशहरूको प्रभावकारी कार्यान्वयनका लागि प्रविधिको प्रयोग र डिजिटल अभिलेखीकरणको प्रवर्द्धनको आवश्यकता माथि जोड दिइयो।

❖ जनताको विश्वास र विधिको शासन प्रर्वद्धनः नागरिक समक्ष न्यायालयका निर्णयहरूको महत्व र अधिकारप्रति जागरुकता फैलाउने रणनीति बारे छलफल गरियो। यसले जनताको विश्वास जित्न न्यायपालिकाले खेल्नुपर्ने भूमिकाको पुनरावलोकन गर्दै विधिको शासनमा न्यायपालिकाको प्रभावकारिता प्रवर्द्धन गर्ने सुझावहरू संकलन गर्न मद्दत गऱ्यो।

❖ समग्रमा, यस कार्यक्रमले उच्च अदालतको असाधारण क्षेत्राधिकारको प्रयोग र फैसला कार्यान्वयनमा देखिएका जटिलता र समस्याहरूलाई उजागर गर्दै तिनीहरूको समाधानका लागि बहुआयामिक छलफल र सुझावहरू संकलन गर्न सफल भयो। यसले आगामी दिनमा न्यायिक प्रक्रियालाई थप प्रभावकारी, पारदर्शी र जवाफदेही बनाउन महत्वपूर्ण आधार तयार पारेको छ।

**कार्यक्रमको निष्कर्ष तथा सुझावः**

नेपालको संविधान अनुसार उच्च अदालतको असाधारण क्षेत्राधिकार प्रयोग, यसको सीमा, प्रभावकारिता, र आदेशहरूको कार्यान्वयनमा देखिएका चुनौतीहरूमा केन्द्रित दुई दिवसीय कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ। यस कार्यक्रमले विभिन्न सरोकारवालाहरू बीच गहन छलफल र समन्वयका लागि महत्वपूर्ण अवसर प्रदान गरेको छ। कार्यक्रमका मुख्य उपलब्धिहरू कार्यक्रमले असाधारण क्षेत्राधिकारको प्रयोग र फैसला कार्यान्वयन सम्बन्धी जटिलताहरूलाई सम्बोधन गर्न निम्न लिखित उपलब्धिहरू हासिल गरेको छ।

- साझा बुझाइको विकासः सहभागीहरू बीच असाधारण क्षेत्राधिकारको अवधारणा र संविधानको धारा अन्तर्गत उच्च अदालतलाई प्रदान गरिएका विशेष अधिकारहरूबारे साझा बुझाइ विकास भएको छ। यसले न्यायिक प्रक्रियामा संलग्न सबै सरोकारवालाहरू लाई एकै ठाउँमा ल्याउन मद्दत पुऱ्याएको छ।
- उदाहरणहरूको विश्लेषण र तथ्यमा आधारित छलफलः उच्च अदालतहरूले हालसम्म प्रयोग गरेको असाधारण क्षेत्राधिकारका विभिन्न उदाहरणहरूको विश्लेषण गरिनुका साथै फैसला तथा आदेशहरूको कार्यान्वयनको अवस्था बारे तथ्यमा आधारित छलफल भएको छ। यसले व्यवहारिक चुनौतीहरूलाई स्पष्ट रूपमा पहिचान गर्न सहयोग पुऱ्याएको छ।
- अवरोधहरूको पहिचानः आदेश कार्यान्वयनमा देखिएका संरचनागत, कानुनी तथा संस्थागत अवरोधहरू स्पष्ट रूपमा पहिचान गरिएका छन्। साथै अदालतका आदेशको उपेक्षा वा ढिलासुस्ती हुने कारणहरूबारे पनि गहन बहस भएको छ।

उपलब्ध गराई न्यायमा पहुँच गराउन आवश्यक भएकोले असहाय, अशक्त, नागरिकता विहीन, नाबालक, महिला, दलित, मुस्लिम, आर्थिक र सामाजिक रुपबाट न्यायमा पहुँच नभएका, कानूनी हक हितको संरक्षण गर्न नसक्ने असमर्थ व्यक्तिका लागि कानूनी सहायता उपलब्ध गराउने उद्देश्यले मधेश प्रदेशका हरेक जिल्लामा प्रदेश कानूनी सहायता अधिकृत नियुक्ति गर्ने सम्बन्धमा मधेश प्रदेश स्थित मन्त्रिपरिषद्को बैठकबाट मिति २०७५।०३।११ मा स्विकृत कानूनी सहायता अधिकृतको नियुक्ति तथा सेवा सर्त सम्बन्धी निर्देशिका, २०७५ अनुसार मधेश प्रदेशका ८ वटै जिल्लाहरुमा नियुक्ति हुनु भएको प्रदेश कानूनी सहायता अधिकृतहरुले गर्नुभएको कार्य सम्पादनको विषयमा यस कार्यालयमा चालु आ.व २०८१।८२ का लागि स्विकृत कार्यक्रम अन्तर्गत प्रदेश कानूनी सहायता अधिकृतहरुको कार्य प्रगति समिक्षा गोष्ठी संचालन गरिएको हो। प्रदेश कानूनी सहायता अधिकृतहरुबाट कार्य सम्पादन गरिएको मुद्दाहरुको लगत, विवरण, स्थिती र कार्य सम्पादनका सिलसिलामा आइपरेका कानूनी जटिलता, अन्यौलता, समस्या तथा चुनौतीको बारेमा छलफल गरी आवश्यक निर्देशन, कानूनी एवंम नीतिगत व्यवस्थाको बारेमा जानकारी गराउने र समस्या समाधानका उपायहरुको पहिचान गरी कार्य सम्पादनमा प्रभावकारीता हासिल गर्ने उद्देश्यले यो कार्यशाला आयोजना गरिएको थियो। कानूनी सहायता अधिकृतहरुको कानूनी व्यवस्था र सोको अवस्था एवम् कार्य प्रगति समिक्षा गोष्ठी एवम् मुद्दाहरुको स्थिती र सोको बारेमा छलफल गरी कानूनी सहायता अधिकृतहरुको कार्य सम्पादनका सिलसिलामा आइपरेका समस्या र सो उपर छलफल गरी सुधारका क्षेत्रहरु पहिचान गर्ने उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा उद्घाटन सत्र, छलफल सत्र र समापन सत्र गरी तीन खण्डमा कार्यक्रम गरिएको थियो।

**कार्यक्रम संचालनको उद्देश्यः**

- प्रदेश कानूनी सहायता अधिकृतहरुबाट हुने कार्य सम्पादनमा प्रभावकारिता हासिल गर्नु,
- प्रदेश कानूनी सहायता अधिकृतहरुको कार्यसम्पादनसँग सम्बन्धित वर्तमानमा रहेको समस्याहरुको पहिचान गरी उपयुक्त विकल्पको माध्यमबाट समस्याहरुको समाधान गर्नु,
- प्रदेश कानूनी सहायता अधिकृतहरुलाई कानूनी तथा प्रकृयागत रुपमा देखापरेको अफ्ठ्यारा, चुनौती, दोहोरो बुझाई, अस्पष्टताको सम्बन्धमा उचित मार्गदर्शन गर्नु,
- प्रदेश कानूनी सहायता अधिकृतहरुले हालसम्म सम्पादन गरेका कार्यहरुलाई एकत्रित गरि वार्षिक प्रतिवेदन निर्माण गर्नु।

**कार्यक्रम सञ्चालन भएको विधि/प्रकृयाः**

प्रदेश कानूनी सहायता अधिकृतहरुले यस कार्यक्रममा आफ्ना गुनासो, चुनौती, समस्या तथा आवश्यक सामानहरुको बारेमा प्रस्तुतीकरण गरेका र सहायक न्यायाधिवक्ता श्री सुदिप कुमार रायले उक्त समस्याको सम्बोधन गर्दै आफ्ना राय, सुझाव राख्दै छलफल तथा अन्तरक्रिया गर्दै अन्त्यमा कार्यालय प्रमुख श्री

• समन्वय सुधारका उपायहरूको खोजीः न्यायपालिका, कार्यपालिका र अन्य निकायबीचको दायित्व र भूमिकाको समन्वय सुधार गर्ने उपायहरूबारे विचार विमर्श भएको छ। यसका साथै आदेश कार्यान्वयन सुनिश्चित गर्न सम्बन्धित निकायबीच संचार र सहयोगको सुदृढीकरणमा जोड दिइएको छ।

• मापदण्ड र सुधारका लागि उत्प्रेरणाः असाधारण क्षेत्राधिकार प्रयोग गर्दा अपनाउनुपर्ने मापदण्डहरूबारे मस्यौदा तयार गर्न उत्प्रेरणा जगाइएको छ। साथै आदेश कार्यान्वयन प्रक्रियामा पारदर्शिता र जवाफदेहिताको सुनिश्चितता कायम गर्न कानुनी सुधारहरूको पहिचान गरिएको छ।

• क्षमता वृद्धि र प्रविधिको प्रयोगमा जोडः न्यायाधीश, कानून व्यवसायी, तथा कार्यान्वयन निकायहरूका पदाधिकारीहरूको क्षमता वृद्धि गर्न आवश्यक तालिम र स्रोतहरूको पहिचान गरिएको छ। यसका अतिरिक्त, अदालतका आदेशहरूको प्रभावकारी कार्यान्वयनका लागि प्रविधिको प्रयोग र डिजिटल अभिलेखीकरणको प्रवर्द्धनमा जोड दिइएको छ।

• जनचेतना र विश्वास अभिवृद्धिः नागरिक समक्ष न्यायालयका निर्णयहरूको महत्व र अधिकारप्रति जागरुकता फैलाउने रणनीतिबारे छलफल भएको छ। जनताको विश्वास जित्न न्यायपालिकाले खेल्नुपर्ने भूमिकाको पुनरावलोकन गर्दै न्यायपालिकाको प्रभावकारिता प्रवर्द्धन गर्ने सुझावहरू संकलन गरिएको छ।

• नीतिगत तथा व्यावसायिक सुधारका लागि सिफारिसः असाधारण क्षेत्राधिकारको प्रयोगको वर्तमान अवस्था मूल्यांकन, उच्च अदालतको आदेश तथा फैसलाको कार्यान्वयनमा देखिएका चुनौतीहरूको पहिचान, र विधिको शासनमा न्यायपालिकाको प्रभावकारिता प्रवर्द्धन गर्ने सुझावहरूका आधारमा नीतिगत तथा व्यावसायिक सुधारका लागि सिफारिसहरू तयार गरिएका छन्।

• सरोकारवालाबीच सहकार्य र संवादः विभिन्न सरोकारवालाहरू बीच सहकार्य र संवाद सुदृढ गर्न यो कार्यक्रम महत्वपूर्ण साबित भएको छ।

यी उपलब्धीहरूले नेपालको न्याय प्रणालीमा असाधारण क्षेत्राधिकारको प्रभावकारी प्रयोग र फैसला कार्यान्वयनमा देखिएका जटिलताहरूलाई सम्बोधन गर्न भावी कार्यदिशा निर्धारण गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ।

**३.५ प्रदेश कानूनी सहायता अधिकृतहरुको कार्य प्रगति समिक्षा गोष्ठी (मिति २०८२।०३।१३ र १४)**

**कार्यक्रमको परिचय**

मुख्य न्यायाधिवक्ताको कार्यालयको आयोजनामा २०८२।०३।१३ र १४ गते होटल रोयल प्यालेस, जनकपुरमा प्रदेश कानूनी सहायता अधिकृतहरुको कार्य प्रगति समिक्षा गोष्ठी सम्बन्धी कार्यक्रम सम्पन्न भयो। कानूनी राज्यको सिद्धान्त अनुरुप प्रदेश सरकारको अनुभूतिको लागि सबैलाई समान रुपमा न्याय

सुदीपकुमार दंगाल ज्यूले प्रस्तुत सम्पूर्ण विषयवस्तु उपर आफ्नो मन्तव्य राख्दै कार्यक्रमको समापन गर्नु भएको थियो।

**कार्यक्रमको उदघाटन सत्र तथा उपस्थित पदाधिकारी र कर्मचारीहरुको विवरणः**

कार्यक्रमको उदघाटन समारोहमा प्रमुख अतिथिको रुपमा सर्वोच्च अदालतका न्यायाधीश श्री कुमार रेग्मी हुनुहुन्थ्यो भने कार्यक्रममा उच्च अदालत जनकपुर, उच्च अदालत जनकपुर राजविराज इजलास र उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजका न्यायाधीशहरु, उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताहरु, अदालतका रजिष्ट्रारहरु, मन्त्रालयका सचिवहरु, प्रमुख सचिव, कानून सचिव, प्रदेश कानूनी सहायता अधिकृतहरु, मन्त्रालयका कानून अधिकृतहरु, कार्यालयका कर्मचारी र अन्य गरी करिब १५० जनाको उपस्थिति रहेको थियो। उदघाटन सत्रको अध्यक्षता मुख्य न्यायाधिवक्ता श्री सुरेन्द्र कुमार महतोले गर्नु भएको थियो।

**कार्यक्रमको उपलब्धिः**

यो कार्यक्रम सम्पन्न भए पश्चात कानूनी सहायता अधिकृतहरुलाई कार्यालयमा गई आफ्नो कार्य सञ्चालन गर्न सहजता हुनेछ। प्रदेश कानूनी सहायता अधिकृतहरुको हालसम्म देखापरेका समस्या र चुनौतीको बारेमा कार्यालयलाई जानकारी प्राप्त भएको छ। यस मुख्य न्यायाधिवक्ताको कार्यालयले प्रदेश सरकारसँग आवश्यक पहल गर्ने, समन्वय गर्ने प्रतिबद्धता जाहेर गरेको छ। प्रदेश कानूनी सहायता अधिकृतहरुले हालसम्म गरेका कार्यहरुको प्रतिवेदन प्राप्त भएको छ, जसले कार्यालयलाई वार्षिक प्रतिवेदन बनाउनलाई समेत सहजता प्रदान गरेको छ।

**कार्यक्रमको निष्कर्षः**

प्रदेश कानूनी सहायता अधिकृतहरुको कार्य प्रगति समिक्षा गोष्ठीबाट उनीहरुले गरेका कामहरुको विवरण, कार्य सम्पादनमा आइपरेका समस्याहरुको सत्य र यथार्थ जानकारी लिन सहज हुने रहेछ। आवश्यक सेवा सुविधाको उपलब्धतामा कानूनी सहायता अधिकृतहरुको कार्य अझ बढी प्रभावकारी हुने देखियो। यसरी बेलाबेलामा गरिने यस्ता कार्यक्रमले उनीहरुको मनोबल बढ्नुका साथै कार्यालयलाई यथार्थ विवरण उपलब्ध र भावी दिनमा त्यस्ता समस्याहरुको निराकरण गर्न आवश्यक ठानियो।

# निष्कर्ष

समुदायमा मुख्य न्यायाधिवक्ता संवाद कार्यक्रमद्धारा जिल्ला स्थित सरोकारवालाको कार्यालय र आम जनताहरु बीच मुख्य न्यायाधिवक्ताको कार्यालय, मधेश प्रदेश, जनकपुरधामद्धारा सञ्चालित प्रदेश कानूनी सहायता अधिकृतको कार्यालयको बारेमा विस्तृत रुपमा जानकारी पाएको र भविष्यमा हुन सक्ने कानूनी सम्बन्धी समस्याहरुको भरपर्दो विश्वास लायक सेवा प्रदायक कार्यालय धनुषामा स्थापना भएकोमा जनसमुदायले सहज न्याय पाउने विश्वास पाएको।

**सुझावः**

(क) समुदायमा मुख्य न्यायाधिवक्ता संवाद कार्यक्रम आगामी दिनमा समेत संचालन गर्नुपर्ने सुझाव पाइयो।

(ख) प्रदेश कानूनी सहायता अधिकृतको कार्यालय सबैका लागि स्थापना गरिनु पर्ने।

(ग) पीडितको सहयोगको लागि राहतको व्यवस्था हुनु पर्ने।

**कार्यक्रम भएको मिति र स्थान सम्बन्धी विवरणः**

(१) मिति २०८१|१०|२३ गते धनुषा जिल्लाको सबैला नगरपालिका वडा नं. २ स्थित श्री राम प्रसाद माध्यमिक विद्यालयको प्राङ्गणमा सञ्चालित कार्यक्रममा शिक्षकवर्ग, विधार्थीवर्ग, कर्मचारीहरु, सुरक्षाकर्मीहरु, राजनीतिकर्मी, स्वास्थ्यकर्मी, समाजसेवी, सर्वसाधारण नागरिक लगायत करिब १८० जनाको सहभागितामा कार्यक्रम सम्पन्न भएको थियो।

(२) मिति २०८१|१२|०४ गते सिरहा जिल्लाको बरियारपट्टी गाँउपालिका वडा नं. ३ स्थित स्वास्थ्य चौकीको सभाहलमा सञ्चालित कार्यक्रममा शिक्षकवर्ग, विधार्थीवर्ग, कर्मचारीहरु, सुरक्षाकर्मीहरु, राजनीतिकर्मी, स्वास्थ्यकर्मी, समाजसेवी, सर्वसाधारण नागरिक लगायत करिब १८० जनाको सहभागितामा कार्यक्रम सम्पन्न भएको थियो।

